महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

गढवा गाउँपालिका

दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

गढवा गाउँपालिका

दाङ



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गढवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दाङ।

कैफियत सहितको राय

हामीले गढवा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.६ करोड ८४ लाख २६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिक्रिया उपलब्ध भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२० लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ६२ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८१ लाख ३७ हजार र पेश्की रू.२ करोड १९ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.२६ करोड ३१ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३३ करोड ५ लाख ८१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

गढवा गाउँपालिका, दाङ

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
९१	११६	६८४२६	०	०	०	९१	११६	६८४२६	२०८१	१८१३७	२६२८३	०	०	४४४२०	२१९२५

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

स्थानीय तहको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गढवा गाउँपालिका	२६३१८९	०	१०३४	२६२१५५	०	६८४२६	३३०५८१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गढवा गाउँपालिका, दाङ , गढ़ावा गाउँपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	आशिष चौधरी	२०७९-५-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	शम्भु राज आचार्य	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	६८,४२६,२८५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१८,४७,०२,७५५.८३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३९,६२,८५,०००	**चालु खर्च**	३१,४३,५८,०२९.२१
प्रदेश सरकारबाट अनुदान	८,३७,७०,०००	**पूँजीगत खर्च**	२४,२२,४८,९३८
राजश्व बाँडफाँट	१२,८०,४८,०१५.९३	**वित्तीय/अन्य व्यवस्था**	२६,२५,०९,५५७.७८
आन्तरिक आय	२,०८,४७,४९९.३		
अन्य आय	१६,४८,६८,३५२		
कुल आय	७९,३८,१८,८६७.२३	**कुल खर्च**	८१,९१,१६,५२४.९९
बाँकी मौज्दात		१५,९४,०५,०९८.०७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**स्थानीय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।पालिकाबाट भएको सम्पूर्ण आर्थिक कारोबार सुत्र प्रणालीको म.ले.प.फा.नं.२७२ मा समावेश नभएको भनि पालिकाले एकिकृत आय-व्यय पेश गरेकोले सोहि अनुसार लेखापरीक्षण गरिएको छ ।सवै कारोवार म.ले.प.फा. २७२ मा राखी पेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।	

सि=न+ =	आयतर्फ			सि=न+ =	व्ययतर्फ		
	ljj/)f	रकम रु	रकम रु		ljj/)f	रकम रु	रकम रु
1	**गत वर्षको जिम्मेवारी**		१८४७०२७५५.८३	1	चालु खर्च	३१४३५८०२९.२१	३१४३५८०२९.२१
	क) नगद	०		2	पुंजीगत खर्च	२४२२४८९३८	२४२२४८९३८
	ख) बैंक संचितकोष	१६५५२८९६१.१६		3	वित्तीय व्यवस्था	०	०
	ग) बैंक स्थानीय तह विविध कोष खाता (कर्मचारी कल्याणकोष)	४१९५०८८			क) ऋण भूक्तानी	०	
	घ) धरौटी खाता	९६३१४७४			ख) ब्याज भूक्तानी	०	
	ङ) प्रकोप व्यवस्थापनकोष खाता	२७४८७३२.६७			ग) अन्य भूक्तानी	०	
	च) विविध खर्चखाता	२५९८५००		4	लगानी	०	०
	छ) विभाज्यकोष खाता	०			क) ऋण भूक्तानी	०	
2	राजस्व (आन्तरिक आय)		१४८८९५५१५.२३		खं शेयर लगानी	०	
	क) आन्तरिक राजस्व	२०८४७४९९.३०			ग) अन्य लगानी	०	
	ख) राजस्व बांडफाँड	१२८०४८०१५.९३		5	एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	११६३७०००	११६३७०००
	ग) अन्य आय	०		6	सामाजिक सूरक्षा तथा संरक्षण खर्च	१२१००६०६२	१२१००६०६२
3	वित्तीय हस्तान्तरण अनुदान		३९६२८५०००	7	धरौटी फिर्ता	१९२५५३७	१९२५५३७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				क) वित्तीय समानीकरण अनुदान	१३१५०००००		8	जनश्रमदान फिर्ता	०	०	
				ख) सशर्त चालू अनुदान	२०२८३५०००		9	कोष फिर्ता	०	०	
				ग) सशर्त पुंजीगत अनुदान	२१३५००००		10	सशर्त÷विशेष÷समपुरक अनुदान फिर्ता (संघ र प्रदेश)	१०६२१५३४७.४०	१०६२१५३४७.४०	
				३) समपुरक अनुदान	३६४०००००		11	प्रकोप ब्यवस्थापनकोष खर्च	७७१२५९४	७७१२५९४	
				ङ) विशेष अनुदान	४२०००००			बेमौसमी वर्षाका कारण किसानहरुलाई राहत वितरण खर्च	११०१०५११=४८	११०१०५११=४८	
			4	प्रदेश सरकारबाट प्राप्त अनुदान		८३७७००००	13	विभाज्यकोषबाट बांडफांड भएको	३००२५०६	३००२५०६	
				क) वित्तीय समानीकरण अनुदान	६२२६०००		14	मौज्दात		१५९४०५०९८.०७	
				ख) सशर्त चालू अनुदान	५४४०००			क) नगद मौज्दात	०		
				ग) सशर्त पुंजीगत अनुदान	५४००००००			ख) बैंक संचितकोष खाता	१३१६५७१६१.७८		
				३) समपुरक अनुदान	१५००००००			ग) बैंक विविध खर्चखाता	२५९८५००		
				ङ) विशेष अनुदान	८००००००			३) बैंक धरौटी खाता	११७३९६३२		
			5	अन्तरस्थानीय तहबाट प्राप्त	०	०		ङं) बैंक विभाज्यकोष खाता	०		
			6	अन्य		०		च) बैंक प्रकोप ब्यवस्थापनकोष खाता	५०५०९१३.६७		
				क) क्षेत्रीय शहरी विकास योजना	०			५) बैंक स्थानीय तह विविध कोष खाता (कर्मचारी कल्याणकोष)	४१९५०८८		
				ख) सडक बोर्ड नेपाल	०			ज) बेमौसमी वर्षाका कारण किसानहरुको राहत वितरण बांकी मौज्दात्	४१६३८०२.६२		
				ग) पर्यटन बोर्ड नेपाल	०			गत वर्षको बाँकी अ.ल्या.	०	०	
			7	सामाजिक सूरक्षा तथा संरक्षण	१२१००६०६२	१२१००६०६२		जनश्रमदान मौज्दात	०	०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	आय						
8	एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	११६३७०००	११६३७०००				
9	विभाज्य कोषतर्फको आय	३००२५०६	३००२५०६				
10	प्रकोप व्यवस्थापन कोष आय	१००१४७७५	१००१४७७५				
11	बेमौसमी वर्षाका कारण किसानहरुको राहत वितरण जिल्ला प्रशासन कार्यालय दाङबाट प्राप्त आय	१५१७४३१४.१०	१५१७४३१४.१०				
12	जनसहभागितामा नगद	०	०				
13	विषयगत निकायबाट प्राप्त	०	०				
14	धरौटी प्राप्त	४०३३६९५	४०३३६९५				
15	लगानीको सांवा फिर्ता	०	०				
16	अन्य विविध आय	०	०				
	जम्मा		९७८५२१६२३.१६		**जम्मा**		९७८५२१६२३.१६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गढवा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दंगीशरण गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ३५८.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८५९२ जनसंख्या रहेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**छलफल** लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७८।१०।२६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :	
४			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा पदाधिकारीको वढी यातायात सुविधा रु २२०६५ असुल भएको छ ।	
५			**वित्तीय विवरण परीक्षण**	
५.१			**वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२३२९०५८ ले फरक देखिएको छ । गाँउपालिकाले बैंक समायोजन हिसाब अनुसार चेक साट्न वाँकी रहेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५.२</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th></tr>
<tr><td>१</td><td>चालू खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>८४,३०,२८३.१९</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>३,५७,१९,१३३</td></tr>
<tr><td>३</td><td>विविध खर्च खाता</td><td>६७,६२,३०२.६२</td><td>६९,२७,५६६.७८</td></tr>
<tr><td>४</td><td>स्धानीय तह धरौटी खाता</td><td>१,१७,३९,६३२.०</td><td>१,१७,३९,६३२.</td></tr>
<tr><td>५</td><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>१३,११,४७,७५०.९८</td><td>६,८५,९५,४६६.०९</td></tr>
<tr><td>६</td><td>स्थानीय तह विविध कोष खाता</td><td>४१,९५,०८८</td><td>४१,९५,०८८</td></tr>
<tr><td>७</td><td>स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>५०,५०,९१३.६७</td><td>५२,७९,४८८.६७</td></tr>
</table></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रु.८४३०२८३.१९ पुँजीगत खर्च खाताबाट रु.३५७१९१३३ समेत गरी जम्मा रु.४४१४९४१६.१९ मूल संचित कोषमा ट्रान्सफर गरेको छ ।
• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• कार्यालयको श्रेष्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठूला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • अधिकांश सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य,ज्याला,भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६.२			**बेरुजु अभिलेख:** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
६.३			**सफ्टवेयर खरिद** -नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले यस वर्ष सफ्ट्रवेयर खरिदमा रु. ५९२०००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । गाँउपालिका तथा वडामा सिफारिस तथा अन्य सफ्ट्वेयर र कर्मचारी क्षमता विकास तथा व्यवस्थापन प्रणाली सफ्ट्वेयर गाँउपालिका र कुनै पनि वडामा प्रयोग नभएको पाइयो । पालिकाले खरिद गरेका सफ्ट्रवेयर प्रयोगमा ल्याउनुपर्दछ । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	

गौ भौ न मिति	सफ्टवेयरको नाम	रकम	कैफियत
१२८।०७८।८।२०	काड व्यवस्थापन सफ्टवेयर	४४२०००	प्रयोगमा नरहेको
५५०।०७९।३।२४	स्मार्ट रोड सफ्टवेयर निर्माण	१५००००	प्रयोगमा नरहेको
	जम्मा	५९२०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.४			**खर्चमा मितव्यिता कायम गर्नुपर्ने** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो । खर्च तर्फ – बार्षिक खर्च रकम मर्मत खर्च – १८७५३९७ बैठक भत्ता – ७८२५८५१ ईन्धन खर्च – ३१८०४५४ • मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । • निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो । • विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो • इन्धन खर्चः सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन कार्यालय इन्धनमा रु. ३१८०४५४ लाख खर्च गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत राख्नुपर्नेमा राखेको छैन यसबाट इन्धन खर्च मितव्ययि छ भनी आश्वस्त हुन सकिएन। • सवारी मर्मत खर्चः लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष सवारी मर्मतमा रु.१८७५३९७ लाख खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरि मर्मत खर्चमा मितव्ययी गर्नुपर्दछ । यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.५			**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चमा रु १७४०६३० भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
७			**सम्पत्ति उपयोग र संरक्षण**	
७.१			**सम्पत्ति हस्तान्तरण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
७.२			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
८			**बजेट तथा कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.१			**बजेट पेश, पारित र अख्तियारी**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री शान्ती चौधरीले मिति २०७८।३।१० गते रु. ७८ करोड ६१ लाख ३९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२१ गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
८.२			**बजेट सीमा निर्धारण समिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८.३			**रकमान्तर :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. ८०४३०२६२ रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.४			**बजेट तथा कार्यक्रम तर्जुमा :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
८.५			**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक पूर्जीगत खर्च रु रु.२४ करोड २२ लाख ४८ हजार भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ७९ लाख ५५ हजार अर्थात ११.५४ प्रतिशत, दोश्रो चौमासिकमा रु.६ करोड २६ लाख ४९ हजार अर्थात २५.८६ प्रतिशत र तेश्रो चौमासिकमा रु.१५ करोड १६ लाख ४४ हजार अर्थात ६२.५९ प्रतिशत खर्च गरेको देखिएको छ। यसैगरी आषाढ महिनामा मात्र रु.८ करोड २९ लाख २८ हजार अर्थात ३४.२३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.६			**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट खर्च मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४२.१३ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ४.१० प्रतिशत बजेट खर्च गरेको छ ।पालिकाले पूर्वाधार विकासमा विनियोजनको ५२ प्रतिशत तथा जम्मा खर्चको तुलनामा ३० प्रतिशत मात्र गरेको तर प्रशासनिक तथा सामाजिक काममा अत्याधिक मात्रामा खर्च गरेकोले यस पालिकाको बजेट तर्जुमा र खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।	
८.७			**गत वर्षको दायित्वः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७६ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले अनुगमन भत्ता¸मर्मत खर्च¸वैठक भत्ता¸तलब लगायतका व्यक्ति फर्महरुलाइ रु २६१९७७० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण उक्त रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ ।	

मुख्यक्षेत्र	वार्षिक बजेट	खर्चरकम	कुलखर्चमध्येप्रतिशत
आर्थिक विकास	५६३३३५८५	४०७३७२०८	७.३२
सामाजिक क्षेत्र	३०७७९४९४१	२३४५०९१५७	४२.१३
पूर्वाधार विकास क्षेत्र	३०८३४७७७०	१६८५५७७५५	३०.२८
वित्तीय व्यवस्थापन र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	२९९९९६३२	२२८५६८५२	४.१०
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	११६८१७६८५	८९९४५९९४	१६.१५
जम्मा	८१९२९३६१३	५५६६०६९६७	**१००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.८			**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.२०८४७४९९ गत वर्षको मौज्दात रू.१८४७०२७५५,राजस्व बाँडफाँडबाट रु १२८०४८९१५ र संघीय तथा प्रदेश अनुदानबाट रु.४८००५५००० तथा अन्य आम्दानी समेत रू.९७८५२१६२३ आम्दानी भएकोमा चालु तर्फ रु.३१४३५८०२९ र पूँजिगत तर्फ रु.२४२२४८९३८ तथा अन्य खर्च समेत गरि जम्मा रु.८१९११६५२५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा २.५५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ९२५३६३२।–खर्च भएको छ जुन आन्तरिक आयको ११.३२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.४२ प्रतिशत चालु र ४१.५८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।	
९			**कानून निर्माण एवं कार्यान्वयन**	
९.१			**कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म २ वटा ऐन, ५ वटा नियमावली, १५ कार्यविधि लगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वियन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले कृषि औजार लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्वन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।	
९.२			**न्यायिक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३२ र यो बर्ष थप भएको ७० गरी कुल १०२ उजुरी, मुद्दा दर्ता भएकोमा ७६ वटा मात्र फछ्र्यौट भई २६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**संगठन तथा कर्मचारी ब्यवस्थापन**	
१०.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । कार्यालयले स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण लेखापरीक्षण समक्ष पेश गरेन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुदाँ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । दरबन्दी भन्दा बढी पदपूर्तिः निजामती सेवा ऐन २०४९ को दफा ७ख मा निजामती सेवाको कुनै पनि पदमा ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन तथा दफा ७ग मा दरवन्दी वेगर कर्मचारी राख्न मिल्ने व्यवस्था छैन ।पालिकामा अधिकृत छैटौँ(इन्जिनियर सेवा) १ जनाको दरवन्दी रहेकोमा २ जना पदपूर्ति भएको पाइयो ।पालिकाले दरवन्दीको आधारमा कर्मचारीलाइ सहमति दिइ पदस्थापन गर्नुपर्दछ ।	
१०.२			**तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमचर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रु. १८०५६५७८ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।	
१०.३			**कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरू करारमा राखि रु २००४८३३८ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक ११ पदमा ३० जना नियुक्ति गरि वर्षभरीमा रु ६६५०१९० भुक्तानी गरेको अनियमित देखिएको रु	६,६५०,१९०
१०.४			**अतिरिक्त भत्ताः** ५६६।०७९।३।२४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारीको न्यूनतम सुविधा प्रदेश कानूनले तोकेवमोजिम हुने तथा प्रदेशले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ । अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत ७ जना कर्मचारीलाइ अतिरिक्त काम गरेको भनि रु ११२००० खर्च लेखेको छ।अतिरिक्त समय पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.५			**कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । पालिकाले स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।	
११			**कर दस्तुर एवं आन्तरिक आय**	
११.१			**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड १ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २ करोड ३ लाख ३८ हजार अर्थात अनुमानको करिव २०३ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
११.२			**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** ४४५२०७२११ | २०३३८०८८ | ४.५७ उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
११.३			**कर तथा शुल्क असुली** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.४			नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन पेश भएन । त्यस्तै संझौता बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन ।	
११.५			**व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु १२४१६०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन ।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
१२			**अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** **अनुदान फिर्ता–** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेकोरकम संघीयको सरकारको रु ६२२०८९५६ मिति २०७९।३।३१ मा र प्रदेश सरकारको शर्सत अनुदान रु ४४००६३९१ मिति २०७९।३।३१ मा फिर्ता गरेको छ । वाँकी अनुदान सयमै फिर्ता गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
१३			**आर्थिक सहायता र अन्य विविध खर्च**	
१३.१			**आर्थिक सहायता–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. २ लाख ८३ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१३.२			**खाना तथा विविध खर्च–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ९०५६३५ खर्च गरेको छ ।यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	
१४			**खरिद तथा ठेक्का अभिलेख**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४.१			**ठेक्काको विवरण**– निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।पालिकाले ठेक्काको विवरण लेखापरीक्षणको क्रममा पेश नगरेकोले विश्लेषण गर्न सकिएन ।	
१४.२			**बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २४ करोड २२ लाख ४८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
१५			**पेश्की बाकीँ -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। निर्माण व्यवसायीलाइ भुक्तानी भएको मोविलाइजेशन पेश्की रू. ८२६१०३६ सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ साथै कार्यालयबाट देहाय अनुसार म्याद समाप्त भएको संस्थागत पेश्की वाँकी रू. १४४२५३०१ नियमानुसार फछ्यौट हुनु पर्ने रू.	१४,४२५,३०१

पेश्की लिनेको नाम	कार्यक्रम	रकम रु.
संस्थागत पेश्की		
आदर्श रात्री नि.मा.वि. गोबरडिहा	शैक्षिक संस्थाहरूलाई सहायता	१८०००००
उ.मा.वि. चयनपुर देउखुरी गढवा	शैक्षिक संस्थाहरूलाई सहायता	१८०००००
जनता उ.मा.वि. कालाकाटे	शैक्षिक संस्थाहरूलाई सहायता	३३०००००
जनमुखी नि.मा.वि. रङसिङ	शैक्षिक संस्थाहरूलाई सहायता	१८०००००
श्री मा.वि. पचहिया	आवासीय भवन निर्माण/खरिद	२१२५३०१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				सरस्वती उ.मा.वि. विद्यानगर गोबरडिहा	शैक्षिक संस्थाहरूलाई सहायता	१८०००००		
				सरस्वती नि.मा.वि. चन्दनपुर गढवा	शैक्षिक संस्थाहरूलाई सहायता	१८०००००		
					जम्मा संस्थागत पेश्की	१४४२५३०१		
				मोविलाइजेशन पेश्की				
				नेक्स्ट जे.भि. कन्सल्टेन्ट प्रा.लि.	पूँजीगत अनुसन्धान तथा परामर्श	१३४९९३२		
				जय मां स्वर्गद्वारी निर्माण सेवा प्रा.लि.	मोटरबाटो कालोपत्रे	९१११०४		
				धुलिखेल/बालारुपी जे.भी.	समपुरक कोष	३००००००		
				धुलिखेल/बालारुपी जे.भी.	कक्रहवा, खजरौटादेखि उठैयाचोक जोड्ने बाटो	३००००००		
				कूल जम्मा		८२६१०३६		
१६			**सवारीसाधन खरिद** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मोटरसाइकल १ थान रु.२७४९०० बजेटबाट खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।					
१७			**कन्टिन्जेन्सी खर्च अभिलेख** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।					
१८			**पदाधिकारी सुविधा**					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.१			पदाधिकारी सुविधाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु २३ लाख ३३ हजार टेलिफोन तथा मोवाइल रु.१२ लाख ९० हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.११ लाख ५८ हजार, अतिथि सत्कारमा रु. ४ लाख ८१ हजार, खानेपानी तथा मर्मतमा रु. २ लाख ४० हजार र चाड पर्व खर्चमा रु 3 लाख 38 हजार तथा वैठक भत्तामा रु १५ लाख ५ हजार समेत रु. ९२ लाख ५३ हजार खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. ९२ लाख ५३ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१८.२			**कानूनी तथा प्रेस सल्लाहकार** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद गर्ननहुने उल्लेख छ । तर पालिकाले कानुनी सल्लाहकार हरि वेलवासे र प्रेस सल्लाहकार शिवराज पन्थी नियुक्ति गरि मासिक रु २०००० का दरले वार्षिक रु ५४०००० खर्च लेखेको अनियमित देखिएको रु	५४०,०००
१९			**पदाधिकारी यातायात सुविधा** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीहरुलाई सम्बन्धित स्थानीय तहले सवारी सुविधा उपलब्ध गराउने र उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले यातायात भत्ता पाउने ब्यवस्था छ । पालिकाले गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा वडा अध्यक्षलाइ सवारी साधन उपलव्ध गराएको अवस्थामा पुन यातायात भत्ता बापत मासिक रु.१२०००,वडा अध्यक्षलाइ मासिक रु १०००० को दरले भुक्तानी गरेको छ। सवारी साधन सुविधा लिएका पदाधिकारीहरुलाई यातायात भत्ता बापत भुक्तानी गरेको सम्बन्धित पदाधिकारीवाट असुल हुनुपर्ने रु. क्र स | नाम | यातायात सुविधा	७१६,८३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				1.	शान्ति चौधरी	१०८०००		
				2.	बाबुराम अधिकारी	९००००		
				3.	भक्तु चौधरी	९००००		
				4.	तुलसीराम अधिकारी	९००००		
				5.	गुलाम मो. जागा मुसलमान	३००००		
				6.	बालचन्द्र ठकुरी हमाल	९००००		
				7.	राहुलदेव चौधरी	७००००		
				8.	सद्दाम सिद्दिकी	९००००		
					नयाँ निर्वाचित पदाधिकारी			
				९.	शारदाकुमारी चौधरी	२२०६५		
				१०.	बाबुराम अधिकारी	१८३८७		
				११.	अब्दुल खालिक सिद्दिकी	१८३८७		
					जम्मा	७१६८३९		
२०			**पदाधिकारी संचार सुविधा** **दोहोरो सुविधा :-** कार्यालयले पदाधिकारीहरुलाई दोहोरो सुविधा हुने गरी खर्च लेख्नु हुदैन । नमुना छनौट गरी परीक्षण गर्दा गाउँपालिका अध्यक्ष सहजराम अहिरले सञ्चार सुविधा बापत मासिक रु.३५०० को दरले बार्षिक रु.४२,०००। बुझेको अवस्थामा पुन मोबाइल रिचार्ज बापत रु १४८००। खर्च लेखेको पाइयो । सञ्चार सुविधा लिएको अवस्थामा पुन विभिन्न गोश्वारा भौचरबाट मोबाइल रिचार्ज बापत सञ्चार खर्च लेखेकोले दोहोरो रकम थप एकिन गरि असुल गर्नुपर्ने रु					१४,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**महङ्गी भत्ता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (६) र (८) अनुसार गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार मालि, बगैँचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपुर्ति गर्न नपाइने व्यवस्था छ । गाउँपालीकाले कानुन अनुसार कर्मचारीको सेवा करारबाट पदपुर्ति नगरी विभिन्न व्यक्तिसँग करार सम्झौता गरी नियुक्त गरेको छ । करारका कर्मचारीलाइ मासीक पारीश्रमिक, चाडपर्व खर्च, लुगा भत्ता मात्र उपलव्ध गराउने गरी करार सम्झौता गर्नुपर्दछ तथा अर्थ मन्त्रालयको मिति २०७९/०१/२१ को पत्र संख्या ३६५-०३/०७८/७९ चलानी नं. १७१९ को परिपत्रमा विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महंगी भत्ता उपलब्ध गराउने कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले महंगी भत्ता उपलब्ध गराउन नसकिने कुरा उल्लेख गरिएको छ । गाउँपालिकाले कार्यविधि तथा प्रचलित कानून विपरीत करारका कर्मचारीलाइ महङ्गी भत्ता मासीक रु २०००। दिने गरी सम्झौता गरेको छ । कानूनी व्यवस्था तथा कार्यविधि विपरीत २ जना करार कर्मचारीलाइ महङ्गी भत्ता रु ४८,०००। खर्च लेखेको नियमसम्मत नदेखिएको रु.	४८,०००
२२			**निर्देशिका तयार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन,२०७४ मा गाउँकार्यपालिकाको प्रमुख कार्य पालिकाका लागि आवश्यक कार्यविधि, निर्देशिका तयार गर्ने हो । कार्यालय आफैले तयार गर्नुपर्ने गाउँपालिकाको सामाजिक समावेशीकरण नीति र पालिकाको आयोजनाहरुका मर्मत सम्भार तथा संचालन सम्बन्धी कार्यविधी निर्माणका लागि समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टरलाइ रु ४९१००० भुक्तानी गरि खर्च लेखि बाह्य पक्षबाट गराउनु अनियमित देखिएको रु	४९१,०००
२३			**विद्युत जरिवाना** लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को बुदां नं. २०(च) मा आफ्नो निकायको नाममा रहेको वा आफ्नो निकायले प्रयोगमा ल्याएको सवारी साधन तथा पानी विजुलीको नियमित रुपमा कर तिर्नुपर्ने र सो कर नतिरेका कारण भुक्तान गर्नुपर्ने अतिरिक्त जरिवाना खर्च लेख्ने अधिकारीबाट असुल गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सवारीसाधन विमा तथा नवीकरण र विद्युत महशुलमा जरिवाना वापत रु.९३५८० बुझाई थप व्ययभार सिर्जना गरेकोले यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।	
२४			**वहाल कर** आयकर ऐन , २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । जेष्ठ नागरिक तिर्थ यात्राका लागि गाडी भाडा वापत रु १४०००० खर्च लेखेकोमा करकट्टी रु १४००० गर्नुपर्नेमा सो नगरेको निर्मला परियारवाट असुल गर्नुपर्ने रु	१४,०००
२५			**बैठक भत्ता खर्च**	८६,७००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद 2 बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले विभिन्न ठेक्काको बोलपत्र मुल्याङकन तथा योजना अनुगमन बापत निम्न भौचरबाट निम्न संख्यामा पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक भत्ता खर्च लेख्ने उद्वेश्यले ठेक्काको मुल्याङकनमा सहभागिहरुलाई एक पटक बोलपत्रदाताको पुर्णता परीक्षण गरी तुलनात्मक चार्ट तयारी गर्ने र अर्को पटकको बैठकमा कम कबोल गर्ने फर्म सारभुत रुपमा प्रभावग्राही भएकोले स्वीकृती दिने गरी बैठक बसी खर्च लेखेको छ ।अत खर्च लेख्न नपाउने यस प्रकारको खर्च रु. ८६७०० असुल हुनुपर्ने रु.	

गो.भौ.नं. मिति	कर्मचारी तथा पदाधिकारीको नाम	दिन	दर	जम्मा	१५% कर बाहेक
३८-2078/६/२०(का स मु बैठक)	लाल बहादुर योगी	५	१५००	७५००	६३७५
	शम्भुराज आचार्य	३	१५००	४५००	३८२५
	पुनाराम शर्मा	२	१५००	३०००	२५५०
	कैलाशचन्द्र चौधरी	२	१५००	३०००	२५५०
	सावित्रा पुन थापा	२	१५००	३०००	२५५०
	अमरराज शर्मा	२	१५००	३०००	२५५०
	सावित्रा श्रेष्ठ	२	१५००	३०००	२५५०
	सुरेश पौडेल	२	१५००	३०००	२५५०
	जम्मा				२५५००
४६५।०७९।३।६(वोलपत्र मुल्यांकन)	लालबहादुर योगी	६	१५००	९०००	७६५०
	शम्भुराज आचार्य	६	१५००	९०००	७६५०
	पुनाराम शर्मा	५	१५००	७५००	६३७५
	विनयकुमार यादव	६	१५००	९०००	७६५०
	शेषमणि पौडेल	७	१५००	१०५००	८९२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	चन्द्रप्रकाश ओली	७	१५००	१०५००	८९२५
	भरतबहादुर के सी	५	१५००	७५००	६३७५
	कुलराज कुमाल	४	१५००	६०००	५१००
	सञ्चित पौडेल	२	१५००	३०००	२५५०
					६१२००
	जम्मा				८६७००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**वितरणमुखी/अनुत्पादक खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;	

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	रकम
१.	१७६-०७८/११/२२	जेष्ठ नागरिक तिर्थयात्रा	१४७५००
२	३०१-०७९/०१/१२	क्लबलाई खेलकुद सामाग्री वितरण	३०००००
३	३२०-०७९/०२/१०	जेष्ठ नागरिक भ्रमण खर्च	१९९९९०
४	३१-०७८।१२।८	बालवालिका अवलोकन भ्रमण	३४९४००
५	१९-०७८।१२।२९	अन्तरजिल्ला कृषक तथा कर्मचारी भ्रमण	५९१०९०
		जम्मा	१५८७९८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**शिक्षा तर्फ**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.१			**छात्रवृत्तिः** विद्यालयहरूलाई छात्रवृत्तिको रकम सोधभर्ना गर्दा विद्यार्थी संख्या र निजहरूले बुझेको भर्पाईहरूको आधारमा दिनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले छात्रवृति निकासा दिनुपर्ने २८ वटा विद्यालयहरुका लागी यो वर्ष रु १२३७६०० निकासा दिएको देखियो । पालिका क्षेत्रका विद्यालयहरुको नमूना छनौट गरी विद्यालयको छात्रवृत्ति वितरणको प्रमाण परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको छात्रवृत्तिको रकम भन्दा कम रकमको छात्रवृत्ति वितरण भरपाई पेश भएकोले तोकीए भन्दा बढी निकासा भएको रकम तपशिल बमोजिमका विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत निकासा भन्दा कम भरपाइ हुन सक्ने भएकोले कार्यालयले एकिन गरी असुल गर्नुपर्ने रु	२४,८००

विद्यालयको नाम	निकाशा रकम रु	भरपाई	फरक रकम रु
नमुना आधारभुत विद्यालय वक्रहवा	२५२००	२३२००	२०००
आदर्श रात्री आधारभुत विद्यालय वटहरा	५७६००	५४४००	३२००
सरस्वती माध्यमिक विद्यालय विद्यानगर	११०८००	९७६००	१३२००
सरस्वती प्राथमिक विद्यालय सुपौला	२०८००	१५६००	५२००
कालिका प्राथमिक विद्यालय पर्सेनि	१०८००	९६००	१२००
जम्मा	२३६४००	२१०८००	२4800

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.२			**प्रमाण पेश गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले देहायको भुक्तानी गर्दा आवश्यक विल, भरपाई, श्रेस्ता, दाखिला प्रतिवेदन साथ संलग्न नभएकाले प्रमाण पेश गर्नुपर्ने रकम रु	४००,०००

गो. भौ. नं. र मिति	कार्यक्रम	भुक्तानी पाउनेको नाम
४-०७९/०२/३०	सरस्वती मा.वि खेलकुद व्यवस्थापन	२०००००
	जनकल्याण मा.वि खेलकुद व्यवस्थापन	२०००००
जम्मा		४०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.३			**प्रमाण पेश गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले देहायको भुक्तानी गर्दा आवश्यक विल, भरपाई, श्रेस्ता, दाखिला प्रतिवेदन साथ संलग्न नभएकाले प्रमाण पेश गर्नुपर्ने रकम रु	२,७५०,३३०

कार्यक्रम	भुक्तानी पाउनेको नाम
माध्यमिक विद्यालय पचहिया ICT व्यवस्थापन	६५००००
दिपेन्द्र होमजुन मा.वि पर्सेनि विज्ञान प्रयोगशला	६५००००
माध्यमिक विद्यालय चैनपुर पुस्तकालय व्यवसथापन	६५००००
मदरसा जियाउल तौहिद रामपुर	१६००६६
मदरसा इस्लामिया अल्सफियत	१६००६६
मदरसा दरलासलम खड्कपुर	१६००६६
मदररसा फैजाने रजा प्रसेनिपुर	१६००६६
मदरसा अहिले सुन्नत दारुसलाम	१६००६६
जम्मा	२७५०३३०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७.४</td><td></td><td></td><td>भुक्तानीमा कर – आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमका विद्यालयहरको निर्माण कार्यको भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><td>कार्यक्रम</td><td>कर रकम</td></tr>
<tr><td>जनकल्याण मा.वि पदमपुर पर्खाल निर्माण</td><td>१५४०</td></tr>
<tr><td>प्रगतिशिल प्रा.वि</td><td>२२०८</td></tr>
<tr><td>शिवशक्ति प्रा.वि</td><td>१५७०</td></tr>
<tr><td>नवज्योती प्रा.वि</td><td>१०५७</td></tr>
<tr><td>जम्मा</td><td>६३७५</td></tr>
</table>
</td><td>६,३७५</td></tr>
<tr><td>२७.५</td><td></td><td></td><td>दिवा खाजा रकम: कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७७।७८) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले दिवा खाजाका लागि २८ विद्यालयलाइ रु ७६६१९३१ निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ । गाउँपालिका क्षेत्रका विद्यालयहरुको दिवा खाजाको रकम परीक्षण गर्दा कार्यालयले दिवा खाजाका लागि निकासा दिएको रकम भन्दा विद्यालयले गरेको दिवा खाजा खर्च रकम कम रहेको पाइयो । कार्यालयले निकासा दिएको रकम र विद्यालयले पेश गरेको खाजा खर्च रकम वितरण भरपाई तथा खाजा खर्च रकमका विल एकिन गरी तोकीए भन्दा बढी निकासा भएको रकम तपशिल बमोजिमका विद्यालयहरुबाट असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>क्र स</td><td>विद्यालयको नाम</td><td>निकासा</td><td>खर्च</td><td>वढी निकाशा</td></tr>
<tr><td>१</td><td>बालकल्याण आ.वि बालाकुटि</td><td>७२०४३५</td><td>७१४८७५</td><td>५५६०</td></tr>
<tr><td>२</td><td>मदरसा जियाउल तौहिद रामपुर</td><td>१०८३३०</td><td>१०२३३९</td><td>६०००</td></tr>
<tr><td>३</td><td>सरस्वती आ.वि चन्दनपुर</td><td>१४००२५</td><td>१३७८६०</td><td>२१६५</td></tr>
</table>
</td><td>१३१,१९०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>दिपेन्द्र नि.मा.वि पर्सेनि</td><td>३३००००</td><td>३१८३३०</td><td>११६७०</td></tr>
<tr><td>५</td><td>कालिका प्रा.वि खजरौटा</td><td>९०३५०</td><td>७८९२०</td><td>११४३०</td></tr>
<tr><td>६</td><td>प्रा.वि खजरौटि</td><td>१५८१३०</td><td>१५०४६०</td><td>७६७०</td></tr>
<tr><td>७</td><td>आदर्श प्रा.वि बडहरा</td><td>४३९५४५</td><td>४१९५४५</td><td>२००००</td></tr>
<tr><td>८</td><td>गणशे प्रा.वि चिमचिमे</td><td>१४००२५</td><td>१३२७५०</td><td>७२७५</td></tr>
<tr><td>९</td><td>जनमुखि नि.मा.वि र</td><td>३०२२९५</td><td>३०१२००</td><td>१०९५</td></tr>
<tr><td>१०</td><td>जनता मा वि कालाकाटे</td><td>७१९४१५</td><td>७१३६५०</td><td>५७६५</td></tr>
<tr><td>११</td><td>नमुना प्रा.वि महदेवा</td><td>२७५२९५</td><td>२७१४६०</td><td>३८३५</td></tr>
<tr><td>१२</td><td>नि.मा.वि. बनघुस्री</td><td>५१६३६५</td><td>५०८१७०</td><td>८१९५</td></tr>
<tr><td>१३</td><td>सरस्वती मा.वि विद्यानगर</td><td>३७७५६०</td><td>३४६६००</td><td>३०९६०</td></tr>
<tr><td>१४</td><td>सरस्वती प्रा.वि सुपैला</td><td>२१८६८५</td><td>२०९११५</td><td>९५७०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१३११९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.६</td><td></td><td></td><td>शिक्षक दरवन्दी - शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं.१२ अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ । कार्यालयले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन। पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउनुपर्दछ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.७			**शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।७९) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Cornerव्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-10 प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।	
२७.८			**निः शुल्क पाठ्यपुस्तक निकासाः-** कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क वितरण गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पुस्तक सम्बन्धित विद्यार्थीहरुले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तक निकासा दिनुपर्ने २८ वटा विद्यालयहरुकालागी यो वर्ष रु ४००८०५९ निकासा दिएको देखियो । पालिकाबाट निकासा पाउने विद्यालयलाई नमूना छनौट गरि वितरित निःशुल्क पाठ्यपुस्तकको विवरण परिक्षण गर्दा देहायको व्यहोराहरु देखियो । (क) पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदका लागी दिएको निकासा रकम खर्च पश्चात विद्यालयबाट सम्बन्धित विद्यार्थीले वा निजका अभिभावकहरुले पुस्तक बुझेको भरपाईहरु माग गरि फरफारक गर्ने गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण गरेको देखिएन । (ख) सवै विद्यालयले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा विद्यार्थीको बुझेर लैजाने अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण गरेको देखिएन । (ग) निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन ।	
२७.९			**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता–** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका तथा नयाँ नियुक्ति गरि शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड १६ लाख ७८ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७१०				८,३५०,०००

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम नापी किताव / कार्यसम्पन्न प्रतिवेदन : विद्यालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ। यस पालिकावाट आर्थिक बर्ष २०७८।७९ मा संघीय सशर्तवाट देहायको विद्यालयहरुलाई देहायको कार्यका पेश्की स्वरुप रु. ८३५०००० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९ मा ६ वटा विद्यालयहरुलाई अनुदान दीएको र विद्यालयको कार्यक्रम र निर्माण कार्य सम्पन्न नभएकोले कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, बिल भरपाई पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने रु.

सि.नं.	विद्यालय नाम	पेश्की रकम	प्रयोजन
१	नि.मा.वि.वनघुस्री गढवा १	३६०००००	४ कोठे भवन
२.	महेन्द्र नि।मा।वि। कोइलाबास	१८०००००	२ कोठे भवन
३.	उ।मा।वि। चयनपुर देउखुरी गढवा	६५००००	I.C.T. ल्याब
४.	जनता उ।मा।वि। कालाकाटे	६५००००	I.C.T. ल्याब
५.	जनमुखी नि।मा।वि। रङसिङ	६५००००	I.C.T. ल्याब
६.	सरस्वती उ।मा।वि। विद्यानगर गोबरडिहा	१००००००	Learning by earning कार्यक्रम सञ्चालनमा विद्यालयहरुका लागि सहयोग कार्यक्रम
	जम्मा	**८३५००००**	

सामाजिक परीक्षण; कार्यविधिको दफा १४ मा कार्यक्रम बमोजिम कार्वय सम्पन्न भएपछि विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गरी सोको प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था रहेकोमा सामाजिक परीक्षण गराउने गरेको देखिएन । स्थानीय तहलेसमेत माग गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको बुँदा नं. ११ मा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न ६ विद्यालयलाई २ कोठे, ४ कोठे भवन निर्माण, I.C.T. ल्याब र Learning by earning कार्यक्रम सञ्चालनमा अनुदानका लागि रु. ८३५०००० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । अत: क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियामा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ ।

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**कृषि तथा पशु कार्यक्रम**	
२८.१			**बाख्रा खरिद -** कार्यालयले पशुपंक्षी विकास कार्यक्रम सञ्चालन गर्नुपुर्व कृषकहरुबाट माग संकलन गरी प्रस्तावित मागको आधारमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।भौ न १५। ०७८।९।२० वाट वडा नं १ देखि ८ सम्म विपन्न कृषकहरुलाइ उन्नत जातको वाख्रा वितरणका लागि रु ४९६७८० मा ४५ वटा बाख्रा वितरण कार्यक्रम सञ्चालन गरेकोमा वितरण गरेका बाख्राहरुको स्वास्थ्य परिक्षण र जातिय शुद्धता खुल्ने ब्रिडिङ सर्टिफिकेट समावेश छैन । यसबाट तोकिए बमोजिमको जातिय शुद्धता भएको स्वस्थ्य बाख्रा खरिद भयो भनी आश्वस्त हुन सकिएन। वितरण गरीएका बोयरहरु निश्चित अवधि सम्म बोका वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। यस प्रकारका वितरण मुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ। कार्यालयले निम्न समुहलाई अनुदानमा बाख्रा वितरण गरेको छ ।	
२८.२			**कृषि औजार तथा यन्त्र उपकरण खरिदमा ५० प्रतिशत अनुदानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । ५० प्रतिशत अनुदानमा विभिन्न १४ समुह तथा कृषकलाई कृषि औजार खरिदका लागि गो.भौ.नं. २६।०७९।३।२५ बाट रु.७८०००० र गो.भौ.नं २६।०७९।३।२५ बाट रु.५८५००० सहित कुल रु.१३६५००० खर्च लेखेको छ । उक्त कृषि सामाग्री खरिद गर्न पालिकाले कृषकसँग सम्झौता गरेको मा कृषकको नाममा भुक्तानी नदिई कृषक आवद्ध समुहको नाममा भुक्तानी दिएको देखियो ।यसबाट वास्तविक कृषकले अनुदान रकम पाए नपाएको एकिन गर्न सकिएन्।साथै कृषकले खरिद गरेका कृषि औजारको स्पेसिफिकेशन नखुलेको, प्रदेश सरकारले २०७७।७८ मा जारी गरेको मुल्य भन्दा वढी मुल्य राखि खरिद गरेको विल पेश गरेको तथा कृषकले खरिद गरेका कृषि औजार गुणस्तर भए नभएको पालिकाले अनुगमन गरेको पाइएन । पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।	
२८.३			**धान बालिमा राहत तथा क्षतिपुर्ती –** बेमौसमी बर्षाको कारण धान बालिमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड २०७८ को बुँदा नं. ३(५) अनुसार सरकारी वा सार्वजनिक जग्मा अतिक्रमण गरी गरिएको धानबालीमा क्षति पुगेकोमा त्यस्तो क्षतिको लागि,क्षति भएको धानबालीको बीमा गरिएको भएमा त्यस्तो धानबालीमा पुगेको क्षतिको लागि, बेमौसमी बर्षाको कारण धानबालीमा पुगेको क्षति वापत नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहबाट एक पटक राहत क्षतिपूर्ति वा सुविधा प्राप्त गरिसेको अवस्थामा राहत रकम उपलब्ध नगराइने उल्लेख छ । पालिकाले धान वालीको क्षतिपुर्ति वापत राहत वितरणका लागी जिल्ला प्रशासन कार्यालयबाट रु.१५१७४३१४.०७ निकासा भएकोमा लेखापरीक्षण अवधिसम्म १४१३ जनालाई रकम रु.१२८८१२३८.१७ राहत वितरण गरी रकम रु.२२९३०७५.९३ बाँकी रहेको विवरण पेश गरेको छ । मापदण्ड अनुसार राहत प्राप्त गर्ने व्यक्ति वास्तविक हो होईन पालिकाले एकिन गरेको देखिएन् । पालिकाले एकिन गरेर मात्र राहत वितरण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.४			**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीयतहवाट विगतमा संचालित कार्यक्रमहरुको प्रभावकारीता मुल्याङ्कन समेत का आधारमा स्रोतको उपयोग हुने गरि योजना तर्जुमा गर्नु पर्ने आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन नियमावली बमोजिम संचालित कार्यक्रमहरुको प्रभावकारीता का लागी आन्तरिक नियन्त्रण प्रणाली लगायत आवस्यक व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकावाट निम्न कार्यक्रम अन्तगत विभिन्न संस्था समुहलाई कार्यक्रम संचालन अनुदान उपलब्ध गराएको छ ।	

कार्यक्रम	अनुदान पाउनेको नाम	अनुदान रकम
धान पकेट विकास कार्यक्रम	सिद्धनाथकृषक समुह	६०००००
धान पकेटविकास कार्यक्रम	चेतनशिल कृषक स	६०००००
तरकारी पकेट विकास कार्यक्रम	तरकारी पकेट कार्यक्रम संचालन समिति	१२०००००
माछा पकेट विकास कार्यक्रम	व्यवसायिक माछा उत्पादन ब्लक संचालन समिति	८०००००

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नमुना छनौट गरी परिक्षण गर्दा कार्यालयले यस बर्ष साना सिचाई निर्माण कार्यको ८५ प्रतिशत अनुदान कार्यक्रममा १० वटा फर्मलाई रु.९७२४८०, विद्युतीय मोटर वितरण (५० प्रतिसत अनुदान ढुवानीमा १०० प्रतिसत) अनुदान कार्यक्रममा २ जनालाई रु.३०००० र साना सिचाई निर्माण कार्यको ८५ प्रतिशत अनुदान कार्यक्रममा ९ कृषि समूह लाई ८,७३,१०० समेत जम्मा रु.१८७५५८० बराबरको अनुदान खर्च लेखेको छ। कार्यालयले पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकीन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**स्वास्थ्य कार्यक्रम** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ । कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन।	
३०			**औषधी खरिद**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०.१			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले सिलबन्दी दरभाउ मार्फत रु...५६५२०८० तथा सोझै खरिद मार्फत रु ९०७७०० गरि जम्मा रु ६५५९७८० को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ;	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०.२			सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्न नहुने र खरिद नियमावलीको नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा सम्बन्धी व्यवस्था छ । पालिकाले औषधी खरिद गर्दा एकमुष्ट लागत अनुमान तयार गरि प्रतिस्पर्धात्मक तरवले खरिद गराउनु पर्नेमा पालिकाले औषधी खरिदका लागि रु ४०००६६५ को लागत अनुमान तयार गरि म्यानुअल खुल्ला विक्रि वोलपत्र आह्वान गरेकोमा कुन्जन मेडिको कन्सनको सबैभन्दा न्यून रु ३८५७७०० मा कवोल गरेको देखिन्छ । पालिकाले एकमुष्ठ लागत अनुमान तयार गरि खरिद गर्नुपर्नेमा पुन कोटेशन विधिवाट कुन्जन मेडिको कन्सनवाट भौचर नं ४४४। ०७९।२।२९ मा रु ९०७७०० मा औषधी खरिद गरेको देखिन्छ ।पालिकाले ठेक्काको मुल्यदरभन्दा वढी दरमा औषधी खरिद गर्दा बढी व्ययभार परेको देखिन्छ ।पालिकाले सम्झौता गर्दा आवश्यक औषधी ठेक्काको रेटमा खरिद गर्ने गरि सम्झौता गर्नुपर्नेमा पुन कुन्जन मेडिको कन्सनवाट कोटेशन विधिवाट औषधी खरिदमा रु ९०७७०० भुक्तानी गरि वढी दररेटमा खरिद गर्दा कार्यालयलाइ थप व्ययभार परेको रु	८४,२६५

औषधीको नाम	परिमाण	कोटेशन रेट	ठेक्का रेट	बढी	बढी रकम
Vitamin B complex	१००००	४.१२	३.२०	०.९२	९२००
Paracetamol 500mg	२५०००	१	०.८५	०.१५	३७५०
Paracetamol 60ml syp	५००	३४	२९	५	२५००
Surgical Gloves 7 pair	१५००	३५.७४	३०.९७	४.७७	७१५५
IV Set	५००	३१.८६	२६.५४	५.३२	२६६०
Amlodipine %mg tab	१५०००	५	४	१	१५०००
Antacid tab	१००००	२.४०	२	०.४०	४०००
Chorpheniramine 4mg	३००००	१.४०	१	०.४०	१२०००
Ferrous Irontab	२००००	४.९०	३.५०	१.४	२८०००
जम्मा					८४२६५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०.३			• खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेकोले औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ यस सम्बन्धमा गत विगतमा औल्याएतापनि सुधार भएको छैन। औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३१			**सुत्केरी पोषण भत्ता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट मितव्ययी, प्रभावकारी र औचित्यको आधारमा खर्च गर्नुपर्ने र दफा २४(३) अनुसार योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ। संघीय सरकार अन्तर्गतका कार्यक्रमहरुमा आमा सुरक्षा कार्यक्रममा प्रदान गरिने यातायात खर्च हिमाली, पहाड र तराईका जिल्लामा प्रसुति हुने सेवाग्राहीलाई क्रमश रु ३०००, २००० र १००० हुनेछ । त्यसै गरी गर्भवती उत्प्रेरणा सेवा वापत प्रोटोकल अनुसार गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा सुत्नेरी हुने सेवाग्राहीलाई रु ८०० उपलब्ध गराउनु पर्ने छ भन्ने व्यवस्थामा रहेकोमा कार्यालयले सुत्केरी स्याहार पोषण भत्ता वितरण कार्यविधी बनाई चार पटक गर्भ जाँच र सुचिकृत स्वास्थ्य संस्थामा प्रासुति लिएमा थप रु ३१०० का दरले यो बर्ष रु.१२२८४००। सुत्केरी भत्ता वितरण गरेको छ। संघीय सरकार अन्तर्गतका कार्यक्रमहरुमा सुत्केरी प्रोत्साहन स्वरुप यातायात सुविधा र चारभेट बापत भत्ता वितरण गर्ने कार्यक्रम रहेकोमा कार्यालयले कार्यक्रममा दोहोरोपना हुने र चालु निशर्त खातामा थप व्ययभार पर्ने देखिन्छ ।	
३२			**प्रधानमन्त्री रोजगार कार्यक्रम**	
३२.१			प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२.२			निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित गाउँपालिका तथा गाउँकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वियन गरेको छैन । यसमा सुधार हुनुपर्दछ।	
३२.३			स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । अधिकाशं निर्माण कार्यको नापी किताब तयार भएको छैन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका ३५ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ४०३ जनालाई रोजगारी उपलव्ध गराई रु. ९९५३३५२ खर्च गरेको छ । लक्षित वर्गलाई ८ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
३३			**सामाजिक सुरक्षा तर्फ**	
३३.१			**लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावििधक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम आ एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्क्रिय रहेका लाभग्राहीहरुको वैक खाता समेतको निर्देशिका अनुसार प्रभावकारी अनुगमन गरिनु पर्दछ ।	
३३.२			**भत्ता वितरणको अनुगमनः** कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वियन गरिनु पर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३.३			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा भएको व्यवस्था वमोजिम बैकिङ प्रणालीमा गइसकेको भएतापनी पालिकाको उक्त वडाको सामाजिक सुरक्षा भत्ता वितरणलाइ व्यवस्थित र विश्वसनिय छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले यस वर्ष सामाजिक सुरक्षावापत जम्मा रकम रु १२००६११२९ वितरण गरेको विवरण उपलब्ध गराएको छ । साथै लाभग्राहीको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्कमार्फत वितरण भएकोमा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख वाट कट्टा गरि भत्ता वितरण लाइ व्यवस्थित र विश्वसनिय वनाउन वैकिङ प्रणालि मार्फत वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले MIS System मा Forward Feed र Reverse Feed नगरेकोले MIS System को पूर्ण उपयोग तर्फ ध्यान दिनुपर्दछ ।	
३४			**राजश्व व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.१			**ढुंगा गिट्टी तर्फ**: गाँउपालिकाको क्षेत्रमा पर्ने विभिन्न खोलामा EIA र IEE प्रतिवेदनको तयारीको लागि विभिन्न फर्मबाट रु.४२१५६१५ को परामर्श सेवा खरिद गरि खर्च लेखेको छ । प्राप्त प्रतिवेदन अनुसार विभिन्न क्षेत्रमा घाट तोकी उक्त क्षेत्र वाट यसवर्ष जम्मा ३६३९६८.९ घ .मि ढुंगा गिट्टी उत्खनन् गर्न सकिने भनि उल्लेख भएकोमा कार्यालयद्वारा नदिजन्य पदार्थ विक्रिवितरणका लागि विभिन्न १२ वटा घाटका लागि प्रथम र दोस्रो पटक सूचना आह्वान गर्दा कुनैपनि वोलपत्र पेश नभएको र तेस्रो पटक ०७८।१०।२७ मा सूचना आह्वान गर्दा ४ वटा घाटको लागी ७ वटा फर्मबाट प्रस्ताव पेश भई २०७८।१२।०८ मा स्वीकृत भएका निम्नानुसार निर्माण व्यवसायी र कवोल रकम निम्नानुसार दखियो ।	

क्र.स.	निर्माण व्यवसायी	ठे.नं.	इस्टिमेट	कवोल रकम (VAT बाहेक)	वोलपत्र जमानत
१.	वालारुपी नि.सेवा. प्रा.लि.	३५-०७८/०८९	२२४६३५२	२२४७५००	११२३७५
२	अन्नत कन्सट्रक्सन प्रा.लि.	४०-०७८/०८९	२२४६३५२	३३५३३५३।५६	१६७६६८
३	अन्नत कन्सट्रक्सन प्रा.लि.	४१-०७८/०८९	२२४६३५२	२३५२३५२	११७६१८
४	लोकमणी विल्डर्स प्रा.लि.	४२-०७८/०८९	२२४६३५२	२२४७३५२	११२३७८
	जम्मा				

उक्त व्यवसायीलाई ०७८।१२।२५ मा संझौता गर्न बोलाइएकोमा कुनैपनि फर्म सम्झौता गर्न नआएकोले वोलपत्र जमानत वापतको रकम जफत गरी दोस्रो घटिवालालाई सम्झौता गर्न बोलाउदा उत्खनन् गर्ने अवधि कम रहेकोले आउन मञ्जुर नगरेको भनि २०७९।०१।०६ मा प्रमुख प्रशसाकिय अधिकृत समेतको समितिले निर्णय गरेको छ । EIA र IEE को लागि खर्च लेख्ने तर नदि जन्यपद्धार्थ मार्फत आम्दानी नभएको देखिदा उक्त खर्च लेख्नु उचित देखिएन् ।

गतवर्ष ढुंगा गिट्टि वापत रु.६९७०३१०९ आम्दानि भएकोमा यस वर्ष उक्त शिर्षकमा कुनै पनि रकम आम्दानि नभएको र बढि स्टकको जरिवाना वापत रु.३००२५०६ आम्दानि जनाएको छ । यस समबन्धमा गँउपालिकाले ध्यान दिनुपर्दछ । EIA र IEE प्रतिवेदन अनुसार निकासि गर्न सकिने परिमाण ३६३९६८.९ घ. मि पालिकाको दररेट अनुसार रु.१५४२४२७४०.४४ आम्दानी हुन सक्नेमा कुनै पनि आम्दानि भएको नदेखिएकोले गाँउपालिकाले यस सम्वन्धमा एकिन गरी गरी ढुँगा गिट्टिको आम्दानिलाइ व्यवस्थित गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४.२			**राजश्व अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले यसवर्ष वडा नं. १ मा नगदी रसिद बाट ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको र अन्य वडामा आशिंक रुपमा अफलाईन सफ्टवयर र अनलाईन मार्फत राजस्व संकलन गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अफलाईन सफ्टवयरको प्रयोगको कारणबाट राजस्व संकलनको एकिकृत विवरण प्राप्त हुन नसक्ने तथा नगदी रसिद बाट ठेलिहरु छपाई गरि पठाएकोमा अधिल्लो आ.व.को नगदि रसिद के कति बाँकी छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने, पुरानो रसिद प्रयोग गर्ने र अफलाईन प्रणालीमा छुट्टै विजक जारी गर्ने जोखिम विद्यमान रहन्छ । पालिकाले यसबर्ष पालिका केन्द्र र ८ वटा वडाबाट रु. २०८४७४९९।३० आन्तरिक राजस्व संकलन र दाखिला गरेको विवरण पेश गरेको छ ।सो मध्ये पालिका केन्द्रबाट संकलित राजस्व रु.५५१४७२४.६५ बैंक नगदि किताबमा आम्दानी जनाएकोमा सो को अभिलेख लेखापरीक्षणको क्रममा पेश गरेको छैन् ।सो सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । पालिकाले सवै वडाहरुमा स्वचालित अनलाईन प्रणालि जडान गरी राजस्व संकलन गर्ने, राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।	
३४.३			**घटि राजस्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ५८ मा राजश्व दाखिला र राजश्व लेखा सम्बन्धी व्यवस्था रहेको छ । वडा नं. ७ मा कार्यरत वडा सचिव श्री प्रभुदास यादवले वडा कार्यालयको राजश्व दाखिला सम्बन्धी सिफारिस, बैंक दाखिला भौचर र गोस्वारा भौचर अनुसार आ.व. २०७८।०७९ को जम्मा दाखिला रकम रु.४,७९,२४९।०० रहेको छ । गढवा गाउँपालिकाको स्थानीय तह आय लेखांकन प्रणाली Software को ७ नं. वडा कार्यालयको प्रतिवेदन अनुसार रु.७,३९,३६१।०० आम्दानी भएको देखिन्छ । घटि राजस्व दाखिला रकम रु.२,६०,११२।०० मा १० % जरिवाना रु. २६,०११ सहित असुल गरी दाखिला गर्नुपर्ने रु.	२८६,१२३
३४.४			**बिभाज्य कोष तर्फ–** पालिकाले आर्थिक ऐन बमोजिम असुल गरेको बाडँफाड हुने रकम बाडँफाडको लागि विभाज्य कोष खडा गरेकोमा यसवर्ष रु.३००२५०६ बैंक स्टेटमेन्टको आधारमा आम्दानी बाधको पाईयो । पालिकाको राजश्व शाखाबाट प्राप्त विवरण अनुसार यस पालिकामा सञ्चालित पूर्णगिरी बालुवा प्रशोधन उद्योग प्रा.लि., मध्यपश्चिम क्रसर उधोग प्रा.लि. , लक्ष्मी एग्रीगेट वालुवा प्रशोधन उद्योग र ओम नम शिवाय क्रसर उद्योग प्रा.लि.ले ढुङ्गा,गिट्टी, वालुवाको स्टक प्रमाणिकरणको लागि पालिकामा बिल भरपाई पेश गरेको र उक्त स्टक प्रमाणिकरण भन्दा अधि पालिकाको स्टक नापजाचँ समितिको मिति २०७९-०३-१२ को स्थलगत निरिक्षण गरि प्राविधिक नापँजाच गरि प्रतिवेदन गर्दा स्टक प्रमाणितको लागि पेश भएको बिल भरपाई भन्दा बढि मात्रमा स्टक रहेको कारण बढि स्टकको जरिवाना स्वरुप रु. ३००२५०६ प्राप्त भई आम्दानी जनाएको उल्लेख गरेको छ । पालिकाले नदिजन्य पद्धार्थको अवैध चोरी निकासी नियन्त्रणका लागि आवश्क पहल गर्नुपर्ने देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४.५</td><td></td><td></td><td>राजश्व दाखिलामा जरीवाना - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा सरकारी नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । पालिका केन्द्र र वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत कार्य</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>नर्म्स भन्दा बढि भुक्तानी - सार्वजनिक निकायले निर्माण कार्य गराउदा नेपाल सरकार द्वारा स्वीकृत निर्माण सम्बन्धी नर्म्सका आधारमा दरविश्लेण गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिमको लागत अनुमान तयार गरी नियमावलीको व्यवस्थाको अधिनमा रही निर्माण कार्य गराउनु पर्दछ । यसैगरी नियम ९७ बमोजिम उपभोक्ता समिती मार्फत कार्य गराउदा दर विश्लेशण पश्चात तयार भएको लागत अनुमान बमोजिम सम्झौता र भुक्तानी गर्नु पर्दछ । नमुना छनौटका आधारमा परीक्षण गरिएका निम्न उपभोक्ता समिति मार्फतकार्य गराउदा दरबिश्लेषण भन्दा बढि दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो भो न</th><th>उ. स.को नाम</th><th>निर्माण कार्य</th><th>भुक्तानी परिमाण</th><th>भुक्तानी दर रु.</th><th>हुनु पर्ने दर रु.</th><th>बढी दर रु.</th><th>बढी भुक्तानी रु.</th></tr>
<tr><td>४। २०७८-११-०१</td><td>मोतिपुर-झारवेरा वाटोमा खोला नियन्त्रण उ.स.</td><td>२*१*१* को जालि खरिद</td><td>११०.७४</td><td>४८८६</td><td>३१७७</td><td>१७०९</td><td>१८९२५४</td></tr>
<tr><td>१२। २०७९-१-१२</td><td>चिसापानी कुलो बाँध निर्माण उ.स.</td><td>३*१*१ को जालि खरिद</td><td>१८९ वटा</td><td>४८३४</td><td>३६८७</td><td>११४७</td><td>२१६७८३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४०६०२८</td></tr>
</table></td><td>४०६,०३७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.२			**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.३			**उपभोक्ता समिति मार्फत जटिल कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, तटबन्ध , पक्कीनाला निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	रकम
१.	१४८-०७८/११/०१	तटबन्ध निर्माण	९८७५९०
२	१४९-०७८/११/०१	सिचाई मोटर खरिद, जडान	७९३०००
३	१५५-०७८/११/०९	पक्कीनाला निर्माण	९९६०००
४	१६०-०७८/११/०९	तटबन्ध निर्माण	७०००००
५	१८७-०७८/१२/०२	पक्कीनाला निर्माण	९९१०००
६	२८१-०७९/०१/०५	तटबन्ध निर्माण	९०००००
७	४३६-०७९/०३/१७	तटबन्ध निर्माण	९९६६००
			६३६४१९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**सुरक्षित नागरिक आवास कार्यक्रमः यस सम्बन्धमा देहायको व्यहोरा देखिएको छ -** **निकासा र खर्च**: गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वियनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि २०७५ जारी गरेको छ । यस पालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी रु. ७४९९४१० पेश्की खर्च लेखेकोमा देहायको व्यहोराहरु देखिएका छन् ।	७,४९९,४१०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क) **सुविधा:** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।

ख) **किस्ता भुक्तानी:** कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता,काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर पालिकाले यसवर्ष ३६६ जनालाई प्रथम किस्ता पेश्की मार्फत रु.३७३४५५० र दोस्रो किस्ता ३७२ जनालाई पेश्की मार्फत रु.३७६४८६० समेत जम्मा रु.७४९९४१० पेश्की उपलब्ध गराएको देखियो । उत आवास कार्यक्रमको कार्यसम्पन्न पश्चात पेश्की फछ्र्योट गर्नुपर्ने रु.

किस्ताको विवरण	लाभग्राहि संख्या	भुक्तानी दर रु.	कुल पेश्की रकम
प्रथम किस्ता	२७	२१५५०	५८१८५०
	३३९	९३००	३१५२७००
जम्मा	३६६		३७३४५५०
दोस्रो किस्ता	२०	१८४५०	३६९०००
	६	३०८३०	१८४९८०
	३४६	९२८०	३२१०८८०
जम्मा	**३७२**		**३७६४८६०**
कुल जम्मा	**७३८**		७४९९४१०

पालिकाले कार्यविधि अनुसार निर्धारित किस्तामा लाभग्राहीलाई अनुदान दिनु पर्ने देखिन्छ ।

कार्य प्रगति: कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । तर पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।	
३७			**भेरियसन आदेश** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले ठे.नं. १४ - २०७४।०७५ प्रशासकीय भवन निर्माणका लागी निर्माण व्यवसायीश्री लुम्बिनी/जलजला जे.भी. सँग २०७५।३।२९ मा रु ४१२५८९२२।०३ मा सम्झौता भई कार्यसम्पन्न गर्ने म्याद २०७७।०३।२८ रहेकोमा उक्त कार्य ०७७।०३।२७ मा सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख छ। प्रशासनिक भवन निर्माणमा रेलिङ्ग, झ्याल ढोका र टायल लगाउने कार्य सुरु इस्टीमेटमा छुट भएको भनि उक्त आइटमहरु समावेश गरी रु ८२५३९४२।९२ अर्थात २० प्रतिशले वृद्धी गरी मूल्य समायोजन समेत कुल रु ५०७८६९६३।२९ मूल्याकंन भएकोमा यस वर्ष ९६१९००० भुक्तानी भएको छ । प्रशासनिक भवन निर्माणमा रलिङ्ग, टायल र झ्याल ढोका जस्ता आधारभूत आइटम यकिन नगरी डिपिआर तयार गर्ने परामर्शदाता, सोको परिमाण र स्वीकृत गर्ने पदाधिकारी समेतलाई जिम्मेवार बनाउनुपर्दछ । ठेक्काको BOQS तयार गर्दा शुरुमै अनुमान गर्न सकिने आइटम लाई भेरियसन मार्फत समावेश गर्नु नियमतसम्मत देखिएन ।	
३८			**तराई मधेश समृद्धि अन्तर्गत मा.वि. पचहिया अधुरो भवन निर्माण कार्य (राप्ती निर्माण सेवा ठेक्का नं. 06/2078-79)**	
३८.१			पालिकाले तराई मधेश समृद्धि अन्तर्गत मा.वि. पचहिया अधुरो भवन निर्माण कार्यको लागि रु.३०००००० बजेट व्यवस्थापन गरेको छ । सो सम्बन्धि देखिएका व्यहोरा निम्नानुसार छन् – **विद्यालय निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.२९९५५०० भएको मा.वि. पचहिया अधुरो भवन निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी राप्ती निर्माण सेवाको कबोल अङ्क रु.१६८२१०० को ठेक्का २०७९।०२।३० सम्ममा सम्पन्न गर्ने गरि २०७८।०९।०४ मा ठेक्का सम्झौता गरेको देखियो। उक्त निर्माण कार्यको कार्यसम्पन्न पश्चात रु.१६५७६५० भुक्तानी भएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् -	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
३८.३			बीमा - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने त्रुटी सच्याउने अवधि १३ महिना जोखिमसमेत ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा व्यवस्था छ । निर्माण व्यवसायीवाट सम्झौता भन्दा २ महिना पश्चात पेश भएको Neco Insurance को विमालेख नं. LMH-MSC-AIGF-0002/2078/79 को अवधी २०७८।११।११ देखि २०७९।११।१० सम्म मात्र रहेको छ।।यसरी समयमा विमा नगर्दा विमाको औचित्य समेत देखिदैन ।सम्झौता अनुसार बिमा गराई भविश्यको जोखिम न्यूनीकरणका गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।साथै पालिकावाट त्रुटी सच्याउने अवधी भन्दा घटी विमालेखाका आधारमा रु.१३९०१.२५ भुक्तानी गरेकोले नियमावली तथा सम्झौता अनुसार विमालेख अवधी थप गर्नुपर्दछ ।	
३८.४			**कार्य सम्पन्न प्रतिवेदन**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य सम्पन्न ।कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८.५			**रित पूर्वकको कर विजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले रित पूर्कको कर वीजक दस्तखत नभएको र बिजक केरमेट भएको राप्ती निर्माण सेवाक विजक नं. १५।२०७८-११-१२ को मु.अ.कर रु ८२७६८.४७ समेत रु ६३६६८०.२६ निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	८२,७६८.४७
३९			**प्रमाण पेश हुनुपर्ने** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।नमुना छनौट गर्दा पालिकाले गो.भौ.नं. ५२०-०७८।०३।२५ वडा नं ६ मा सिचाई वोरिङ्ग खरिदको लागि जय गुरुदेव हार्डवेयरलाई रु १००००० भुक्तानी भएकोमा सोको जडानको प्रमाण पेश हुनुपर्ने रु	१००,०००
४०			**कृषि सिचाई मोटर खरिद** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले भौ.नं. ४९२ - २०७९।०३।२३ र ५०० - २०७९।०३।२४ गोरखा हार्डवेयर बाट ४ थान सिचाईमोटर खरिद गरी रु १९९९९८ सोही फर्मलाई भुक्तानी दिई वडा नं २ र ३ मा वितरण गरेकोमा उक्त मोटर जडान तथा संचालनमा आएको प्रमाण पेश हुनुपर्ने	१९९,९९८
४१			**विरतणको भरपाई पेश हुनुपर्ने** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ५०८ - २०७९।०३।२४ गाउँपालिकाको वडा नं १ का विपन्न तथा असहाय व्यक्तिलाई भनि १९ थान सिलाई मेसिन खरिद गरी हाम्रो राम्रो डेकोरेसन एण्ड सप्लायर्सलाई रु २९९९०० भुक्तानी भएकोमा उक्त मेसिनहरु वितरण भएको प्रमाण संलग्न नरहेकोले उक्त प्रमाण पेश हुनुपर्ने रु	२९९,९००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. १० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने व्यवस्था छ ।त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष देहायको फर्म तथा उपभोक्ता समितिबाट पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपाइएको निम्नानुसार रू. ३३६११० को सोझै खरिद गरेको रू.	२,८७३,४४५

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	भुक्तानी पाउने	रकम
१.	१०-०७८/०६१/०४	विद्यालयमा जस्तापाता र विजुली	विजुली आयुष नि.सेवा	४८८७४०
२	१२-०७८/०६/०४	सडक निर्माण	M & M नि.सेवा	४८५७९५
३	१९-०७८/०६/११	सडक निर्माण	बि थ्री विल्डर्स	४४१२७०
४	५८-०७८/०८/१४	सडक ग्राभेल	भवानी नि.सेवा	४८६०००
५	१७८-०७८/११/२५	ह्युम पाइप	नयाँ नेपाल विल्डर्स	४८६७४०
६	३९६-०७९/०३/०९	तटबन्ध निर्माण		४८४९००
				२८७३४४५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**जस्तापाता वितरणको भरपाई नभएको** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले देहायको फर्मबाट खरिद गरेको जस्तापाता वितरण तथा जडानको प्रमाण पेश हुनुपर्ने रु	१,७९८,०७५

क्र.स.	गो.भौ.नं. र मिति	भुक्तानी पाउनेको नाम	रकम
१.	२१-०७८/०६/११	जयगुरु हार्डवेयर	४८९७२५
२	१७७-०७८/११/२५	तुरीजा कन्सल्टेन्ट एण्ड सप्लायर्स	३२३१५०
३	२०९-०७८/१२/०८	तुरीजा कन्सल्टेन्ट एण्ड सप्लायर्स	६९०००
४	२८९-०७०/०१/१२		९१६२००
		जम्मा	१७९८०७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**विद्युत विस्तार तथा सडक वत्ती** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।	

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	रकम
१.	९-०७८/०६/०४	वडा नं. ४	१५००००
२	४२-०७८/०७/२९	वडा नं. ६	१५००००
३	५७-०७८/०८/२३	वडा नं. ६ हाइटेन्सन व्यवस्थापन	२१८६२६०
४	७१-०७८/०९/११	वडा नं. ७ ट्रान्फर्मर जडान	६२०००
५	९६-०७८/०९/२२	वडा नं. ३ विद्युत विस्तार	३२८५००
६	२३५-०७८/१२/२३	वडा नं. ८ सडक वत्ती	४८४३५०
७	२५०-०७८/१२/२५	वडा नं. ७ सडक वत्ती	१६००००
८	३७५-०७९/०३/०३	वडा नं. ६ विद्युत विस्तार	४८४९५०
९	४५४-०७९/०३/२०	वडा नं. ५ विद्युत विस्तार RNC नि.सेवा (कोटेशन बाट)	४४४३००
१०	४८७-०७९/०३/२२	वडा नं. २ विद्युत विस्तार	७४१०००
११	५२६-०७९/०३/२५	वडा नं. ८ विद्युत विस्तार (कोटेशन बाट)	९९८२००
१२	५२९-०७९/०३/२५	वडा नं.२ विद्युत विस्तार (उ.स बाट)	१५५०००
		जम्मा	६३४४५६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम** **१५ शैय्याको अस्पताल भवन निर्माण** - ठे.नं. २७-०७८।०७९ गाउँपालिकाले १५ शैय्याको अस्पताल भवन निर्माणका लागी रु २०७४०६२०३ को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा पेश भएका विभिन्न ५ मध्ये सबैधन्दा घटि रकम रु १३४९६८९११।७४ कवोलवाला निर्माण व्यवसायी श्री श्याम सुन्दर/एन.वि. जे.भी. सँग मिति २०७८।१२।२२ मा संझौता भई कार्य सम्पन्न गर्ने म्याद २ वर्ष रहेको छ । यस वर्ष मोबिलाइजेशन पेश्की वापत रु ११६३७००० भुक्तानी भएको छ ।	
४६			**गोवरहिडा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर निर्माण (रिखादेवि कन्स्ट्रक्सन प्रा.लि. ठेक्का नं. NCB/GRM/W/22/2078/079) – यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
४६.१			**बर्थिङ्ग सेन्टर निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.४१९८४२९.८५ भएको गोवरहिडा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी सुर्य रिखादेवि कन्स्ट्रक्सन प्रा.लि.को कबोल अङ्क रु.२८११७९३.७१ को ठेक्का २०७९।०३।१५ सम्ममा सम्पन्न गर्ने गरि २०७८।११।०८ मा ठेक्का सम्झौता गरेको देखियो। उक्त निर्माण कार्यको कार्यसम्पन्न पश्चात रु.२७९४२०० भुक्तानी भएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् -	
४६.२			**भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । उक्त निर्माण कार्यमा प्राविधिक राय, स्विकृत टिप्पणी आदेश संगलग्न नराखी सुरु सम्झौता रकमको २.०१ प्रतिशतले भेरिएसनको रु.५६६०८.७६ को भेरियसन आदेश जारी भएको छ ।कुन कार्यको लागि भेरियसन आदेश जारी भएको एकिन गर्न सकिएन् । प्राविधिक राय स्विकृत टिप्पणी आदेश संगलग्न नराखी भेरियसन जारी गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ । साथै उक्त भेरियसन कार्य नियमसम्मत नदेखिएको रु.	५६,६०८.७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६.३			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
४६.४			**पूर्व निर्धारित क्षतिपूर्ती** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण ब्यवसायीको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न गर्न नसकेमा कार्यालयले सम्झौता रकमको बढी १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने ब्यवस्था छ । उक्त निर्माण कार्यको कार्य सम्पन्न गर्नुपर्ने मिति २०७९-०३-१५ रहेको र कार्यसम्पन्न समेत सोहि मितिमा जारी भएको तर निर्माण व्यवसायीको कर बिजक मिति २०७९-०३-२५ मा जारी गरेको देखिएको हुंदा सम्झौता रकम रु.२४५२९१४.८०(मू.अ.कर वाहेक) को १० दिनको प्रतिदिन ०.०५ प्रतिशतका दरले रु.१२२६५ असुल गर्नुपर्ने रु.	१२,२६५
४६.५			**कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ अनुसार निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयले त्रुटी सच्याउने अवधि समाप्त नहुँदै अन्तिम बील भुक्तानी कै समयमा कार्य सम्पन्न ।कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले निर्माण व्यवसायीलाई अनुचित लाभ पुग्न सक्ने देखिन्छ । अत: निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन बनाइनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६.६			**विमा नगरेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेह १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले उक्त निर्माण योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको तथा पनि निर्माण व्यवसायीले बिमा गराएको छैन । खरिद सम्झौताको शर्तमा अनुसार निर्माण कार्यको बिमा गर्दै भविश्यको जोखिम न्यूनीकरणका गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
४७			**उठैया-खजरोटा-कक्रहवा-सडक निर्माण (धुलिखेल।बालारुपी जे.भी. ठेक्का नं. 32/2078/079) - यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
४७.१			**सडक निर्माण कार्यः** कार्यालयले लागत अनुमान रु.७२७७५४०९.३८ भएको उठैया-खजरोटा-कक्रहवा-सडक निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी धुलिखेल।बालारुपी जे.भी.को कबोल अङ्क रु.४३२१३८९३.२७ को ठेक्का २०८१।०१।३० सम्ममा सम्पन्न गर्ने गरि २०७९।०१।०६ मा सम्झौता गरि ठेक्का बन्दोवस्त गरि रु ३७५०००० मोविलाईजेशन पेश्की सहित रु.८५३८२०० भुक्तानी दिएकोमा निम्न व्यहोराहरु देखिएका छन् -	
४७.२			**बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने त्रुटी सच्याउने अवधि १३ महिना जोखिमसमेत ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरु हुँदा नै विमा गर्नुपर्नेमा व्यवस्था छ । निर्माण व्यवसायीवाट पेश भएको Sagarmatha Insurance को विमालेख नं. 014021/224200034 को अवधी २०७९।०१।०८ देखि २०८०।०१।०७ सम्म मात्र रहेको छ।।यसरी समयमा विमा नगर्दा विमाको औचित्य समेत देखिदैन ।सम्झौता अनुसार बिमा गराई भविश्यको जोखिम न्यूनीकरणका गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।साथै पालिकावाट त्रुटी सच्याउने अवधी भन्दा घटी विमालेखाका आधारमा रु.१३२७४३.३६ भुक्तानी गरेकोले नियमावली तथा सम्झौता अनुसार विमालेख अवधी थप हुनुपर्दछ ।	
४७.३			**घटि कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा भएको व्यवस्था वमोजिम स्विकृत बोलपत्रको कार्यसम्पादन जमानत दाखिला गर्दा लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटि कबोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थपगरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्ने उल्लेख छ । उक्त सडक निर्माण कार्यको कार्यसम्पादन जमानत रु.११४८३२९७ हुनुपर्नेमा रु.८०७५००० मात्र रहेकोले नपुग रकम रु.३४०८२९७ को बैंक जमानत पेश हुनुपर्ने रु.	३,४०८,२९७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७.४			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
४८			**सरस्वती मा.वि.गोवरहिडा निर्माण (शर्मा कन्स्ट्रक्सन प्रा.लि. ठेक्का नं. 18/2077/78) – यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
४८.१			**विद्यालय निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.१९९२९२०६.८० भएको सरस्वती मा.वि.गोवरहिडा निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण शर्मा कन्स्ट्रक्सन प्रा.लि. को कबोल अङ्क रु.१३५५०३८५.८२ को ठेक्का २०७८।०३।२५ सम्ममा सम्पन्न गर्ने गरि २०७८।०२।०६ मा ठेक्का सम्झौता गरेको देखियो। उक्त निर्माण कार्यको भेरियसन र कार्यसम्पन्न पश्चात रु.१६२०४५४० भुक्तानी भएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् -	
४८.२			**खरिदमा सम्झौताको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने व्यवस्था छ । तर कार्यालयले उक्त निर्माण कार्यको शुरु अवधि डेढ महिना मात्र रहेकोमा कार्यपालिकाको मिति २०७८-०३-२४ को निर्णय अनुसार २०७९।०९।२५ सम्मकोलागी अवधि थप गरेको देखियो ।उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । अतः निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण नगरी निर्माण कार्यको अवधि थप गर्ने कार्यमा सुधार गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८.३			**भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । । उक्त निर्माण कार्यमा मिति २०७८-०३-२८ मा प्राविधिकबाट पेश भएको राय अनुसार RCC/Soling/Floring /Reinforcement को लागत अनुमानमा अनुसार BOQ परिमाण पर्याप्त नभएकोले थप गर्नुपर्ने सिफारिशका आधारमा सुरु सम्झौता रकमको २०.२१ प्रतिशतले भेरिएसन आदेश रू.२७९३६४४.७९ जारी भएकोमा कार्यपालिकाको मिति २०७८-०४-१२ को निर्णय अनुसार भुक्तानी भएको छ । लागत अनुमान तयार गर्दा पूर्वानुमान गर्न सकिने विषयमा समेत परिमाण थप गरेको गर्नुपर्ने कामको परीमाणनै समावेश नगरेकोले लागत अनुमान यथार्थपरक देखिएन । यसमा सुधार हुनुपर्दछ ।	
४८.४			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
४८.५			**बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने त्रुटी सच्याउने अवधि १३ महिना जोखिमसमेत ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरू हुँदा नै विमा गर्नुपर्नेमा व्यवस्था छ । निर्माण व्यवसायीवाट सम्झौता भन्दा ३ महिना पछि पेश भएको NECO Insurance को विमालेख नं. LMH-MSC-GPAF-00001-78-79 को अवधी २०७८।०५।२० देखि २०७९।०५।१९ सम्म मात्र रहेको छ।।यसरी समयमा विमा नगर्दा विमाको औचित्य समेत देखिदैन ।सम्झौता अनुसार बिमा गराई भविश्यको जोखिम न्यूनीकरणका गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।साथै पालिकावाट त्रुटी सच्याउने अवधी भन्दा घटी विमालेखाका आधारमा रु.२८७७१ भुक्तानी गरेकोले नियमावली तथा सम्झौता अनुसार विमालेख अवधी थप हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८.६			**ठेक्का सम्बन्धि बिल पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले उक्त निर्माण कार्यको दोस्रो रनिङ्ग बिलको गो.भौ.नं. ०२।२०७९-०९-१४ बाट रु.५११६१५० भुक्तानी भएकोमा ठेक्का सम्बन्धि बिल र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने तोकिए बमोजिम प्राविधिक मुल्याङ्कन नापी किताब र ठेक्का सम्बन्धि बिल पेश गर्नुपर्ने रू.	५,११६,१५०
४८.७			**पूर्व निर्धारित क्षतिपूर्ती** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार निर्माण ब्यवसायीको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न गर्न नसकेमा कार्यालयले सम्झौता रकमको बढी १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने ब्यवस्था छ । उक्त निर्माण कार्यको कार्य सम्पन्न गर्नुपर्ने मिति म्याद थप पश्चात २०७८-०९-२५ रहेको र कार्यसम्पन्न समेत सोहि मितिमा जारी भएको तर निर्माण व्यवसायीको कर बिजक मिति २०७८-१०-२६ मा जारी गरेको देखिएको हुंदा सम्झौता रकम रु.११९०२९९६.३० (मू.अ.कर वाहेक) को २९ दिनको प्रतिदिन ०.०५ प्रतिशतका दरले रु.१७२५९३.४४ असुल गर्नुपर्ने रु.	१७२,५९३.४४
४९			**बिल भरपाई पेश नभएको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले बैंक नगदि किताब गो.भौ.नं. २३।२०७९-०३-२० बाट युनिक कम्प्युटर्सलाई रु.२००००० खर्च जनाएकोमा सो को कागजात श्रेस्तासाथ संलग्न नभएकाले पेश गर्नुपर्ने रु.	२००,०००
५०			**प्रदेश समपुरक अनुदान – बड्का गल्ली,तिनघरुवा वाघमरुवा ठेकरी नाला तथा कालोपत्रे निर्माण योजना (ठेक्का नं.01/NCB/GRM/W/2078-79, जँय मा स्वर्गद्वारी निर्माण सेवा) यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
५०.१			**सडक तथा नाला निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.२९२०६५१५.९० भएको बड्का गल्ली,तिनघरुवा वाघमरुवा ठेकरी नाला तथा कालोपत्रे निर्माण कार्यको सूचना प्रकाशनमा गरेकोमा सबैभन्दा घटी कबोल गर्ने निर्माण जँय मा स्वर्गद्वारी निर्माण सेवा को कबोल अङ्क रु.१७४०१९९७.५७ को ठेक्का २०७९।०३।२५ सम्ममा सम्पन्न गर्ने गरि २०७८।०९।१३ मा ठेक्का सम्झौता गरेको देखियो। उक्त निर्माण कार्यको मोबिलाईजेशन पेश्की रु.१५००००० समेत हालसम्म ५९०७४०१ भुक्तानी भएको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन्	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्न	
५०.३			**खरिदमा सम्झौताको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने व्यवस्था छ । तर कार्यालयले उक्त निर्माण कार्यको शुरु अवधि मिति २०७९-०३-२५ सम्म मात्र रहेकोमा कार्यपालिकाको मिति २०७९-०३-२८ को निर्णय अनुसार २०७९।०८।३० सम्मकोलागी अवधि थप गरि सोको निर्माण व्यवसायीलाई सोको जानकारी मिति २०७९-०६-०९ मा गरेको देखियो ।उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । अतः निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण नगरी निर्माण कार्यको अवधि थप गर्ने कार्यमा सुधार गरिनु पर्दछ ।	
५०.४			**पेश्की जोखिम** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिंदा पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी बाणिज्य बैंकबाट जारी भएको जमानतका आधारमा पेश्की दिनुपर्ने व्यवस्था छ ।उक्त निर्माण व्यवसायीलाई रु. १५ लाख पेश्की दिएकोमा रु. ५८८८९६ फर्छयौट भई रु. ९१११०४ लाख बाँकी रहेको छ । पेश्की दिंदा कृषि विकास बैंकको A.P.G. No-195/05441/5168/22 को म्याद २०७९।०४।२३ सम्म मात्र रहेकोमा जमानतको म्याद थप नगरेकोले रु. ९१११०४ पेश्की जोखिममा परेको रु.	९११,१०४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१			**बड्का गल्ली बाटोदेखि पचैया तीनघरुवा टोलको प्रतिक्षालयदेखि बघमरुवा कोठरी तिनघरुवा वाघमरुवा ठेकरी नाला तथा कालोपत्रे निर्माण योजना - (ठेक्का नं37/NCB/GRM/W/2078-79, रिखा देवि कन्स्ट्रक्सन प्रा.लि.) यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -**	
५१.१			**सडक तथा नाला निर्माण कार्यः** कार्यालयले लागत अनुमान मु अ कर समेत रु.११३९६९१३ भएको बड्का गल्ली बाटोदेखि पचैया तीनघरुवा टोलको प्रतिक्षालयदेखि बघमरुवा कोठरी तिनघरुवा वाघमरुवा ठेकरी नाला तथा कालोपत्रे कार्यको सूचना प्रकाशनमा गरेकोमा २ वटा बोलपत्र पेश भएकोमा सबैभन्दा दोस्रो घटि कबोल गर्ने निर्माण रिखा देवि कन्स्ट्रक्सन प्रा.लि.को कबोल अङ्क रु.८४७७६१७.३२ को ठेक्का २०७९।०३।२५ सम्ममा सम्पन्न गर्ने गरि २०७८९।०२।१० मा ठेक्का सम्झौता गरेको देखियो। यसमा देहायका व्यहोराहरु देखिएका छन् -	
५१.२			**खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा देहायका कार्यहरु गर्नु पर्ने व्यवस्था रहेकोमा उल्लिखित कार्यहरु गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ । क) खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नु पर्ने ख) सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका तयार गर्ने ग) सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने घ) निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य ङ) बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन गर्ने च) सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने	
५१.३			**दोस्रो घटि कबोल कर्तासँग सम्झौता** -सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(१) मा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने र उपदफा (२) मा बोलपत्र छनौट भएको सात दिनभित्र सार्वजनिक निकायले सम्बन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृतको लागि छनौट गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६२(२.च) मा बोलपत्रदाताले बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बाँडफाँड गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिष्पर्धि तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धा लाभबाट वञ्चित गर्ने उद्देश्यले वोलपत्र पेश गर्नु भन्दा अधि वा पछि मिलेमतो गर्न वा गुटवन्दीमा संलग्न हुन नहुने व्यवस्था छ ।पालिकाले उक्त निर्माण कार्यको लागि सबैभन्दा न्यूनतम रु.८४७७३८०.४७ मा कबोल गर्ने निर्माण व्यवसायी लोकमणी विल्डर्स सँग Preliminary Examination बाट Responsive नदेखिएकाले अलग गरेको छ ।तत् पश्चात दोस्रो घटि रु. ८४७७६१७.३२ मा कबोल गर्ने निर्माण व्यवसायी रिखा देवि कन्स्ट्रक्सन प्रा.लि. खरिद सँग सम्झौता गरेको छ । के कति कारणले उक्त निर्माण व्यवसायी Preliminary Examination बाट Responsive नदेखिएको हो सो को विवरण लेखापरीक्षणको क्रममा पेश भएन । न्यूनतम कबोल गर्ने व्यवसायी सँग खरिद सम्झौता नगरी दोस्रो घटि कबोल कर्तासँग सम्झौता गर्ने नियमसम्मत देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१.४			**खरिदमा सम्झौताको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार ऐन बमोजिम निर्माण व्यवसायीको काबू बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसक्ने अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई निवेदन दिनुपर्ने र म्याद थप गर्ने अधिकारीले सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता अनुसारको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको र कार्यालयले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध नगराएकव वा काबू वाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भए नभएको यकिन गरि अवधि थप गर्न सक्ने व्यवस्था छ । तर कार्यालयले उक्त निर्माण कार्यको शुरु अवधि मिति २०७९-०३-२५ सम्म मात्र रहेकोमा निर्माण व्यवसायीबाट मिति २०७९-०३-२० मा म्याद थपको लागि निवेदन दिएकोमा कार्यपालिकाको मिति २०७९-०३-२८ को निर्णय अनुसार २०७९।०८।३० सम्मकोलागी अवधि थप गरि सोको निर्माण व्यवसायीलाई सोको जानकारी मिति २०७९-०६-११ मा गरेको देखियो ।उक्त निर्माण व्यवसायीले निर्माण कार्यको कार्यतालिका तथा कार्य योजना तयारै नगरेको र सम्झौता अनुसारको कार्य कार्यान्वयनकालागी प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लागयत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन कार्य गरेको देखिएन । जसका कारण निर्माण कार्य तोकिएको अवधिमा सम्पन्न गर्न निर्माण व्यवसायीले भरमग्दुर प्रयास गरे नगरेको स्पष्ट हुन सकेन । अतः निर्माण व्यवसायीको उल्लिखित पक्षको विश्लेषण नगरी निर्माण कार्यको अवधि थप गर्ने कार्यमा सुधार गरिनु पर्दछ ।	
५२			**पुल निर्माणको स्टिल पाट्र्स, फेब्रिकेसन पाट्र्स जडान नभएको** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ (६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। गाउँपालिकाले ठेक्का नं.01/SQ/GRM/2078-79 को कबोल कर्ता श्री जुनकिरी ईन्डष्ट्रिज प्रा.लि.बाट पुल निर्माणको स्टिल पाट्र्स, फेब्रिकेसन पाट्र्स खरिद गरि रु.१७७६००० भुक्तानी दिएको छ । उक्त सामान कुन स्थानमा कति परिमाणमा उपयोग गरियो सो को विवरण लेखापरीक्षणमा पेश भएन । खरिद गरिएका सामानको नापी सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१,७७६,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>नापी किताब र कार्यसम्पन्न प्रतिवेदन
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।नमुना छनौट गर्दा नगरपालिकाले देहायको भुक्तानी दिएकोमा निर्माण कार्यको प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने तोकिए बमोजिम प्राविधिक मुल्याङ्कन नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.
<table>
<tr><td>गौ.भौ.नं. ।मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>भुक्तानी रकम</td><td>प्रयोजन</td></tr>
<tr><td>०४।२०७८-०८-१९</td><td>न्यू ज्योती ईनर्जी ट्रेडर्स</td><td>७७५००</td><td>सोलार सामाग्री तथा ब्याट्री खरिद</td></tr>
<tr><td>१०।२०७८-१२-१४</td><td>लालिगुँरास ट्रेड एण्ड सप्लायर्स</td><td>१०२९५५</td><td>सोलार सामाग्री खरिद तथा ब्याट्री खरिद</td></tr>
<tr><td>२६।२०७९-०३-२४
५१०।२०७९-०३-२४</td><td>बर्षा ए टु जेट इलेक्टिक एण्ड इलेक्ट्रोनिक्स सप्लायर्स</td><td>७१०१८५</td><td>वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुमा इन्भरटर जडान खरिद</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८९०६४०</td><td></td></tr>
</table></td><td>८९०,६४०</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पेश्की
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाइ र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले आ व २०७५।७६ मा नेक्सट कन्सल्टेन्टलाइ गाउँपालिकाको डिपिआर तयारीको लागि रु १३४९९३२ पेश्की उपलब्ध गराएकोमा पेश्की जमानत नराखेको, सम्झौताको अवधि समाप्तभै सकेको, सम्झौता अनुरुप कार्य गरि प्रतिवेदन पेश नगरेकोले नियम ५१(१) बमोजिम वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाइ असुल गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**गै.स.स. मार्फत कार्यक्रम** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैसस बाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । सो विपरित कार्यालयले नियमित कार्य प्रकृतिका कार्यक्रम पनि गैर सरकारी संस्थाबाट गराएको पाइयो । कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैह्र सरकारी संस्था संग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको । गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, गैर सरकारी संस्थाबाट काम गराउदा खरिद प्रक्रिया वेगर एउटै फर्मबाट पटक पटक कार्यक्रम संचालन गरेको तथा ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.	३,१४४,८१२

गौ न मिति	कार्यक्रम	सस्थाको नाम	रकम
२६-०७८।११।१८	दलित वर्गका लागि कार्यक्रम	दलित सशक्तिकरण अभियान	९८८००
२७-०७८।११।१८	दलित वर्गका लागि कार्यक्रम	दलित सशक्तिकरण अभियान	९८२००
२८-०७८।११।१८	दलित वर्गका लागि कार्यक्रम	दलित सशक्तिकरण अभियान	१००२६५
३५-०७८।१२।२५	४५ दिने सिलाइ कटाइ तालिम	दलित सशक्तिकरण अभियान	२३६२५०
१०५-०७९/०१/२३	लघु उद्यम कार्यक्रम	समृद्ध नेपाल	१६३२०७०
१२७-०७९/०२/२५	घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर	मल्टि सेक्टर इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि	९७९२२६
		जम्मा	३१४४८१२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**डीपीआर खर्च** बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । डि.पि.आर. निर्माण गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका कतिपय आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन	

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	फर्म	रकम
१.	६१-०७८/७/९	वहुउद्देश्यीय सभाहल	साई टेक इन्फ्रास्ट्रक्चर डेभलमेन्ट एण्ड रिसर्च प्रा लि	४९४८००
२.	३०६-०७८/१२/३	सरस्वती उ मा वि भवन निर्माणको माटो परिक्षण	गुरुङ इन्जिनियरिङ सोलुसन्स प्रा लि	४५६०००
३	६।२०७८-१०-११	उठैया-खजरोटा-कक्रहवा-सडक निर्माण	क्याडकेड कन्सल्ट्यानट प्रा.लि.	४८१०४१
४	१३।२०७९-०१-२३	सरस्वती मा.वि गोडिहवा भवन डि.पि.आर.	वि.डि.इन्जिनियरिङ्ग एण्ड आर्किटेक्चरल कन्सल्टेन्सी	४९७२००
५	११७-०७८/१०/११	उठैया-खज्रौटा-कक्रहवा सडकको डि.पि.आर	क्यास्केड कन्सल्टेन्टस प्रा.लि.	४८१०००
			जम्मा	२४१००४१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**आन्तरिक लेखापरीक्षणवाट कायम वेरुजु**	
५७.१			गो.भौ.नं. ५१४ बाट अस्थायी प्रहरी पोस्ट कालाकाटे दाङको प्रमुख कालु सिंह धानुकलाई मिति २०७९।०१।१० गते र.नं. ९८५३ बाट काटेको रसिदबाट रु.१,२०,००० को २५% प्रोत्साहन भत्ता रु.३०,००० (रु.२२,५००।०० (कर कट्टी बाहेक) दिइएको । पुनः गो.भौ.नं. ५९४ बाट ईलाका प्रहरी कार्यालय गढवाको प्रमुख प्रहरी निरीक्षक रन्जु के.सी. लाई पनि सोही रसिदबाट प्रोत्साहन भत्ता भुक्तानी भएको हुदाँ दोहोरो भत्ता भुक्तानी भएकोले रु. २२,५००।०० असुल हुनुपर्ने रु	२२,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.२			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ८५ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाएका देहाय अनुसारका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट नगरेको व्यहोरा निम्नानुसार छन	
५७.३			**पारिश्रमिक आयकरः** आयकर ऐन ,२०५८ को दफा ८७ (१)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु. ८७२६० करकट्टि गर्नुपर्नेमा पारिश्रमिक कर कट्टा नगरेकोले नपुग पारिश्रमिक कर असुल गर्नुपर्ने रु.	८७,२६०

नाम	पद	वार्षिक आय	वार्षिक कट्टी रकम	कर योग्य आय	नपुग कर
लाल बहादुर योगी	प्र.प्र.अ.	709772.6	177075.2	82697.4	8270
श्याम बहादुर वि.क.	शिक्षा अधिकृत	617028.2	107364.4	59663.8	5966
विनय कुमार यादव	इन्जिनियर	604611.6	130337.2	24274.4	2427
अनन्त राज रेग्मी	पशु अधिकृत	650223.6	112939.2	87284.4	8728
कर्ताराम यादव	कृषि अधिकृत	626784.1	134138.2	42645.9	4265
रुपनारायण चौधरी	सि.अ.हे.व	776163.4	196537.2	129626.2	15925
ज्ञान कुमार वसेल	सि.अ.हे.व	737519.9	175889.8	111630.1	12326
शिशिर रेग्मी	कृषि अधिकृत	503870	0	103870	10387
भरत बहादुर के.सी.	स.इन्जिनियर	601873.1	104838.2	47034.9	4704
खोपिराम चौधरी	अ.हे.व	596334.6	103831.2	42503.4	4250
टिका रावल	अ.न.मि	596334.6	103831.2	42503.4	4250

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

देवा चौधरी	अ.न.मि	592004.5	103227	38777.5	3878
सुर्य नारायण यादव	अ.हे.व	569649.1	100810.2	18838.9	1884
					८७२६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७.४			प्राविधिक कार्यसम्पन्न प्रतिवेदन र योजन शाखाको टिपपणी अनुसार उक्त योजनाको उ.स. वैष्णोदेवी मन्दिर निर्माण उ.स.लाई रु.१,९१,६००।०० भुक्तानी गर्नुपर्नेमा रु. २,९१,६००।०० भुक्तानी भएको छ । बढी भुक्तानी रकम रु.१,००,०००।०० फिर्ता गर्नुपर्ने रु	१००,०००
५८			**नाफा मुलक संस्थालाइ अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।पालिकाले पूर्वाधार विकास, जनताको जीवनस्तर उकास्ने कार्यक्रम तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने कार्यक्रममा खर्च गर्नु पर्नेमा नाफाको उद्देश्यले संचालन हुने संस्थाको संचालन खर्च गरेको छ । यसवाट विकास निर्माणमा खर्च हुने बजेट नाफा मूलक संस्थाको हितको लागि खर्च गरेको देखिएकोले नाफामूलक संस्थालाइ संचालन खर्च व्यहोरे नियमसंगत नदेखिएको खर्च रु	६९३,४३०

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	भुक्तानी पाउनेको नाम	रकम
१.	४२०-०७९/०३/१७	कम्प्युटर खरिद	हिमाल वचत तथा ऋण स.सं.लि	७९९९०
२	४६८-०७९/०३/२१	भवन निर्माण	हिमाल वचत तथा ऋण स.सं.लि	६१३५००
			जम्मा	६९३४३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५९			**उपभोक्ता समिति मार्फत खरिद तथा वितरणः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको तथा उपभोक्ता समिति मार्फत खरिद गर्ने कानुनी व्यवस्था नरहेकोमा निम्नानुसारका कार्य उपभोक्ता समितवाट गराएको नियम सम्मत नदेखिएको रु	२,२५५,०७९

गौ भौ न मिति	कार्यक्रम	उपभोक्ता समिति	रकम
२३४।०७८।११।१	युवाक्लव खेलकुद सामग्री वितरण	युवा क्लब खेलकुद सामग्री उपभोक्ता समिति	१३९५९५
२३५।०७८।११।१	वालक्लव खेलकुद सामग्री वितरण	वाल युवा खेलकुद विकास समिति	४२९३९
२५९।०७८।११।१८	खेलकुद सामग्री तथा पोशाक खरिद	वडा स्तरीय युवा खेलकुद समिति	१३२२६५
३११।०७९।३।७	सिलाइ कटाइ तालिम	सिलाई कटाइ तालिम उपभोक्ता समिति	७७५८००
४७५।०७९।३।७	सिलाइ कटाइ तथा मेसिन वितरण	सृजना महिला समुह	७०००००
४०।०७९।१।६	२० दिने ढकिया बुनाई कार्यक्रम	सिप मुलक ढकिया बुनाइ तालिम उ स	१६७४८०
५०।०७९।३।६	ढकिया बुनाइ तालिम	चन्दनपुर सिपमुलक ढकिया बुनाइ उ स	१०००००
३२।०७९।१२।१३	महिला उत्थानका लागि कार्यक्रम	हातेव्याग वनाउने तालिम उपभोक्ता समिति	१९७०००
		जम्मा	२२५५०७९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>क्याम्पस अनुदान
शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्पसलाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>क्याम्पसको नाम</th><th>अनुदान रकम</th></tr>
<tr><td>गढवा वहुमुखी क्याम्पस</td><td>१००००००</td></tr>
<tr><td>देउखुरी वहुमुखी क्याम्पस व्यवस्थापन</td><td>३०००००</td></tr>
<tr><td>जम्मा</td><td>१३०००००</td></tr>
</table></td><td>१,३००,०००</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>२६३१८९०००</td><td>१०३३८४८</td><td>२६२१५५१५२</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>बेरुजु अनुगमन
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम कार्यालयबाट आर्थिक बर्ष २०७५।७६ र २०७६।७७ मा कायम बेरुजु मध्ये रु.१०३३८४८ बेरुजु फछ्यौट गरी लगत कट्टाको लागि पेश भएकोमा रु. १०३३८४८ को लगत कट्टा गर्न मनासिव देखिएको छ ।
<table>
<tr><th>आर्थिक वर्ष</th><th>दफा</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२०७५।७६</td><td>७।६।२</td><td>वडा नं ७ का वडा सचिवले ढिला दाखिला गरेको जरिवाना प्रभुदास यादव</td><td>३१९२३</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				२०७६।७७	२३	दोहोरो सुविधाः ८ वडाध्यक्षहरुले दोहोरो संचार सुविधा भुक्तानी लिएकोले तपसिल बमोजिम असुल हुनुपर्ने । बाबुराम अधिकारी ६०००।- भक्तु चौधरी ४०००।- तुलसीराम अधिकारी ५०००।- गु.मो.जागा मुसलमान ५०००।- प्रकाश भण्डारी ७०००।- बालचन्द्र हमाल ६०००।- राहुलदेव चौधरी ७०००।- सद्दाम सिद्धिकी ५०००।- जम्मा ४५०००।	४५०००		
				२०७६।७७	२४	गापा अध्यक्ष, उपाध्यक्ष र७ जना वडाध्यक्षहरु समेतले दोहोरो यातायात सुविधाबापततपसिल बमोजिम भुक्तानी लिएको जम्मा रु. ८४६०००।- असुल हुनुपर्ने . ७ जना वडाध्यक्षहरुको रु. 630000।— गापा अध्यक्षको रु. 108000।— गापा उपाध्यक्षको रु. 108000।— जम्मा रु. 846000।-	846000		
				२०७६।७७	७९	बोलपत्र मुल्याङ्कन गर्दाको पदाधिकारी र कर्मचारीहरुको बैठक भत्ता खर्च असुल सहजराज अहिर ४२०७५ शान्ति चौधरी ४८४५० सञ्जित पौडेल १०२०० सुरेश पौडेल १०२००	११०९२५		
						जम्मा	**१०३३८४८**		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६३			अद्यावधिक वेरुजु यस पालिकाको २०७८।७९ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।	

गत वर्षसम्मको बाँकी बेरुजू(A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
२६३१८९०००	१०३३८४८	६८४२६२८५	०	३३०५८१४३७